# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक २४९ | काठमाडौं | बिहीबार, २४ पुस २०८२ | Prabhab National Daily | Thursday, 08 January 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**निर्वाचनमा सहभागी बनौं ।**

- आवधिक निर्वाचन लोकतन्त्रको आधारशिला हो ।
- निर्वाचन मतदाताको मताधिकार प्रयोग गर्ने अवसर पनि हो ।
- मतदानबाट नागरिकले आफ्ना प्रतिनिधिमार्फत शासन सञ्चालनमा
- सहभागिता जनाउने । स्वतन्त्र र निष्पक्ष निर्वाचनबाट सरकार वा
- सत्ताको शान्तिपूर्ण हस्तान्तरण हुने ।
- निर्वाचनबाट मौलिक हक र मानवअधिकारको संरक्षण हुने ।
- मतदाताको राजनीतिक छनौटको अधिकार सुनिश्चित हुने ।
- लोकतन्त्रको संस्थागत विकास र विधिको शासन स्थापित हुने ।
- जनताप्रति उत्तरदायी र जवाफदेही सरकारको निर्माण हुने हुँदा, निर्वाचनमा सहभागी बनौं, मताधिकारको प्रयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# सरकारबाट बाहिरिए कुलमान

## कुर्सीभन्दा आत्मसम्मान ठूलो भन्दै राजीनामा, सक्रिय राजनीतिमा लाग्ने घोषणा



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सुशीला कार्की नेतृत्वको अन्तरिम चुनावी सरकारबाट ऊर्जामन्त्री कुलमान घिसिङले राजीनामा दिएका छन् । तीन मन्त्रालयको जिम्मेवारी सम्हाल्दै आएका घिसिङले करिब चार महिनापछि पद छाडेका हुन् ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकास मन्त्रालयको जिम्मेवारी एकैसाथ पाएका घिसिङले ११४ दिनपछि बुधबार प्रधानमन्त्रीलाई राजीनामा बुझाएका छन् । राजीनामा दिएपछि उनले सिंहदरबारमै बुधबार साँझ पत्रकार सम्मेलन गरे । त्यस क्रममा उनले कुर्सीभन्दा माथि आत्मसम्मान हुने बताए । 'म मान्छु पदभन्दा ठूलो मूल्य हुन्छ, सिद्धान्त । कुर्सीभन्दा माथि हुन्छ आत्मसम्मान र सरकारभन्दा ठूलो हुन्छ जनता,' उनले भने ।

राजीनामा दिनुको निर्णय भाग्ने र जिम्मेवारीबाट विमुख हुने नभएको दाबी पनि घिसिङले गरे ।

⏭ क्रमशः पृष्ठ २ मा

### मन्त्री हुँदा के–के गरे ?

ऊर्जामन्त्री कुलमान घिसिङले बुधबार साँझ प्रधानमन्त्री सुशीला कार्कीलाई राजीनामा बुझाएलगत्तै ऊर्जा मन्त्रालयमा पत्रकार सम्मेलन गरे । सोही पत्रकार सम्मेलनमार्फत उनले आफ्नो कार्यकालमा भएका कामको विवरण सार्वजनिक गरे ।

उनले ५०० वटा डिप ट्युवेलको निर्माण गरी सर्लाही र रौतहट जिल्लाको २२ हजार ५०० हेक्टर जमीनमा सिँचाइ सुविधा पुऱ्याउने कार्यका लागि सिँचाइ व्यवस्थापन कम्पनी लिमिटेड संस्थापन गर्ने निर्णय गरेको सुनाए । त्यसैगरी नेपाल–भारतबीच इनरुवा–पूर्णिया र दोदोधारा (बरेली ४०० केभी क्षमताका अन्तरदेशीय प्रसारण लाइनहरू संयुक्त

⏭ क्रमशः पृष्ठ २ मा

राष्ट्रिय सभा निर्वाचन

# कांग्रेस–एमाले गठबन्धनसँग भिड्दै नेकपा

## १८ पदमा ४४ उम्मेदवार, कोशीबाट कांग्रेसका थापा निर्विरोध



**अपांगता भएका व्यक्तिको कोटामा मनोनयन दर्ता गर्न बुधबार दाङको घोराही उपमहानगरपालिका–१५ स्थित निर्वाचन अधिकृतको कार्यालयमा जाँदै गरेका नेकपाका उम्मेदवार सर्जन विक । उनकाविरुद्ध नेपाली कांग्रेसका वासुदेव घिमिरेको उम्मेदवारी परेको छ ।** *तस्बिरः रासस*

■ **जेबी योञ्जन**

**काठमाडौं–** आगामी माघ ११ गते हुने राष्ट्रिय सभा निर्वाचनका लागि ४४ जनाको उम्मेदवारी परेको छ । नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी (नेकपा), जनता समाजवादी पार्टी (जसपा) नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), राष्ट्रिय जनमोर्चा र नेपाल मजदुर किसान पार्टी (नेमकिपा)बाट उम्मेदवारी परेको हो ।

सबै प्रदेशमा बुधबार दलहरूले आयोगले तोकेको समयमा उम्मेदवारी दर्ता गराएको आयोगका प्रवक्ता नारायणप्रसाद सापकोटाले जानकारी दिए । 'आयोगको प्रदेशस्थित प्रमुख निर्वाचन अधिकृतको कार्यालय पुगेर दलहरूले

- ⏭ कांग्रेस, एमाले र जसपा नेपालबीच गठबन्धन
- ⏭ कांग्रेस नौ, एमाले आठ र जसपा नेपाललाई एक सिट
- ⏭ कांग्रेस–एमालेसँग सिट बाँडफाँट नमिलेपछि नेकपा एक्लै चुनावमा
- ⏭ कोशीबाट कांग्रेस उम्मेदवार सुनिलबहादुर थापा निर्विरोध
- ⏭ सबै प्रदेशमा गठबन्धन बलियो, नेकपालाई जित निकाल्न सकस

उम्मेदवारी दर्ता गरेका छन्,' उनले प्रभावसँग भने, 'क्लस्टरअनुसार उम्मेदवारी दर्ता गराएका छन् ।'

### कुन दलबाट को–को उम्मेदवार ?

**कोशी**

| कांग्रेस–एमाले गठबन्धन | नेकपा |
|---|---|
| रोशनी मेचे (महिला)- एमाले<br>सोमनाथ पोर्तेल (दलित)- एमाले<br>सुनिलबहादुर थापा (अन्य)- कांग्रेस | नमिता न्यौपाने (महिला)<br>खेमराज नेपाली (दलित) |

**मधेस**

| कांग्रेस–एमाले गठबन्धन | नेकपा |
|---|---|
| चन्द्रकलादेवी साह (महिला)- जसपा नेपाल<br>रेखाकुमारी झा (महिला)- एमाले<br>चमेलीदेवी दास (दलित)- जसपा नेपाल<br>धर्मेन्द्र पासवान (दलित)- कांग्रेस<br>रञ्जित कर्ण (अल्पसंख्यक)- कांग्रेस<br>शैलेशकुमार चौधरी (अल्पसंख्यक)- जसपा नेपाल<br>महन्थ ठाकुर (अन्य)- लोसपा नेपाल | शमीकुमारी अग्रवाल (महिला)<br>शम्भु पासवान हजारी (दलित)<br>रामनन्दन प्रसाद (अल्पसंख्यक)<br>लक्ष्मण पौडेल (अन्य) |

**बागमती**

| कांग्रेस–एमाले गठबन्धन | नेकपा | नेमकिपा |
|---|---|---|
| गीता देवकोटा (महिला)- कांग्रेस<br>प्रेमप्रसाद दंगाल (अन्य)- एमाले | सरोजकुमारी झा (महिला)<br>प्रेमप्रसाद सापकोटा (अन्य) | कविता महर्जन (महिला)<br>विक्रम ढुकुछु (अन्य) |

**गण्डकी**

| कांग्रेस–एमाले गठबन्धन | नेकपा | राष्ट्रिय जनमोर्चा |
|---|---|---|
| सम्झना देवकोटा (महिला)- एमाले<br>जगत तिमिल्सिना (अन्य)- कांग्रेस | गोमा लुइँटेल घिमिरे (महिला)<br>कपिल लामा (अन्य) | लक्ष्मी बास्कोटा (महिला)<br>शंकरप्रसाद बराल (अन्य) |

**लुम्बिनी**

| कांग्रेस–एमाले गठबन्धन | नेकपा | राष्ट्रिय जनमोर्चा |
|---|---|---|
| रामकुमारी झाँक्री (महिला)- एमाले<br>वासुदेव घिमिरे (अल्पसंख्यक)- कांग्रेस<br>चन्द्रबहादुर केसी (अन्य)- कांग्रेस | दुर्गाकुमारी भण्डारी (महिला)<br>सर्जन वि.क. (अल्पसंख्यक)<br>बृहस्पति अधिकारी (अन्य) | पद्मा पण्डित (महिला)<br>वोमबहादुर खत्री (अन्य) |

**कर्णाली**

| कांग्रेस–एमाले गठबन्धन | नेकपा |
|---|---|
| मीनासिंह रखाल (महिला)- एमाले<br>ललितजंग शाही (अन्य)- कांग्रेस | अञ्जु महतरा (महिला)<br>बुद्धिप्रसाद शर्मा (अन्य) |

**सुदूरपश्चिम**

| कांग्रेस–एमाले गठबन्धन | नेकपा |
|---|---|
| लिलाकुमारी भण्डारी (महिला)- एमाले<br>खम्बबहादुर खाती (अन्य)- कांग्रेस | रोजी बस्नेत (महिला)<br>टीकाराम जैसी (अन्य) |

निर्वाचनमा कांग्रेस, एमाले र जसपा नेपालले गठबन्धन गरेका छन् । बाँकी दलहरू एक्लाएक्लै निर्वाचनमा होमिएका हुन् । बुधबार बिहानसम्मै कांग्रेस, एमाले, नेकपा र जसपा नेपालबीच चुनावी गठबन्धनबारे छलफल चलेको थियो । नेकपाले निर्वाचन हुने १८ सिटमध्ये चार सिट मागेको थियो । कांग्रेस र एमाले तयार भएनन् । तीन सिटमात्रै दिन तयार भए । जसपा नेपालले दुई सिट मागेकोमा एक सिटमा चित्त बुझायो । तर, नेकपा असन्तुष्ट हुँदै गठबन्धनबाट बाहिरियो ।

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# दुई प्रणालीमार्फत विदेशी कामदार भित्र्याउने योजनामा जापान

## नेपाली कामदारलाई खुल्दै अवसरको ढोका

जापानबाट धेरै मागपत्र आइरहेका छन् । पहिले जिट्कोको लाइसेन्स नभएका कारण पठाउन पाइँदैन भनेर मार्केटिङ पनि भएको थिएन । अब सबैले काम गर्छन् ।

**कुन्छादोर्जे डिम्दोङ**
सचिव, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** जापान सरकारको एक प्यानलले दुई प्रणालीअन्तर्गत विदेशी कामदार स्वीकार गर्ने कार्ययोजनाको मस्यौदा तयार पारेको छ । विज्ञहरूको प्यानलको बुधबार बसेको बैठकले औद्योगिक क्षेत्रको मस्यौदालाई अन्तिम रूप दिएको जापानी सञ्चारमाध्यमले जनाएका छन् । उक्त योजनाअनुसार मार्च २०२९ को अन्त्यसम्म अधिकतम १२ लाख ३० हजार विदेशी कामदार स्वीकार गर्न सक्ने भनिएको छ ।

जापान सरकारले 'स्पेसिफाइड स्किल्ड वर्कर्स' (एसएसडब्ल्यू)का



लागि हालको प्रणालीअन्तर्गत विदेशी कामदारलाई स्वीकार गर्ने योजना बनाएको छ । यसका साथै अर्को वर्ष अप्रिल १ मा नयाँ प्रशिक्षण कार्यक्रम सुरु गर्ने योजना बनाएको छ । नयाँ कार्यक्रमको उद्देश्य कामदारलाई तालिम दिनु हो । जसपश्चात् उनीहरू तीन वर्षमा दक्ष कामदारको स्तर हासिल गर्न सक्ने जनाइएको छ ।

हालको प्रणालीअन्तर्गत औद्योगिक उत्पादन, खाद्य र पेयपदार्थ उत्पादनसहित १९ क्षेत्रमा कामदार लगिने छ । यी क्षेत्रमा आठ लाख पाँच हजार ७०० कामदार लग्ने जनाइएको छ । नयाँ तालिम कार्यक्रमअन्तर्गत थप चार लाख २६ हजार २०० जनालाई १७ वटा क्षेत्रमा लैजाने योजना छ । यी १७ क्षेत्र निश्चित दक्ष कामदार प्रणालीअन्तर्गत पर्छन् । यसमा यातायात र उड्डयन भने समावेश छैन ।

जापानले लग्ने भनेको विदेशी कामदारको संख्या घरायसी श्रमशक्तिको अनुमानित आकार र अपेक्षित उत्पादकत्व सुधारजस्ता कारकहरूलाई आधार मानेर निर्धारण गरिएको थियो । सरकारले यो योजना सत्तारूढ पार्टीहरूसँग छलफल गर्ने बताइएको छ । त्यसपछि यस महिनाभित्र मन्त्रिपरिषद्को स्वीकृति लिने योजना बनाएको छ । जापान केही वर्षयता नेपालीहरूको आकर्षक रोजगार गन्तव्य बन्दै गएको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

कांग्रेस विवाद

# महाधिवेशन प्रतिनिधिबाट विशेष महाधिवेशन आह्वान

## संस्थापन– सहभागी नहुनू, गगन विश्व– सफल पारौं

पार्टीको विधानमा व्यवस्था भएबमोजिम कुनै पनि तहको अधिवेशन वा विशेष महाधिवेशन बोलाउने अधिकार व्यक्तिगतरूपमा पार्टीका कुनै पनि पदाधिकारी वा सदस्यलाई नभई केवल पार्टीको केन्द्रीय कार्यसमितिलाई मात्र रहेको छ ।

**कांग्रेस केन्द्रीय कार्यालय**

नेपाली कांग्रेसको विधानको धारा १७ (२) अनुसार मिति २०८२ पुस २७ र २८ गते काठमाडौंको भृकुटीमण्डपमा हुन गइरहेको विशेष महाधिवेशनमा सहभागी भई व्यवस्थित र भव्यरूपमा सम्पन्न गर्न सम्पूर्ण महाधिवेशन प्रतिनिधिहरूलाई हार्दिक आह्वान गर्दछौं ।

**गगन-विश्व**




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली कांग्रेसका महाधिवेशन प्रतिनिधिहरूले पुस २७ र २८ गतेका लागि विशेष महाधिवेशन आह्वान गरेका छन् । बुधबार नयाँ बानेश्वरमा पत्रकार सम्मेलन गरी बोलाइएको बैठकलाई महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले ऐक्यबद्धता जनाएका छन् ।

बुधबार साँझ संयुक्त वक्तव्य जारी गर्दै गगन-विश्वले बहुमत महाधिवेशन प्रतिनिधिहरूले डाकेको विशेष महाधिवेशनमा ऐक्यबद्धता जनाएका हुन् । 'बहुमत महाधिवेशन प्रतिनिधिहरूद्वारा गरिएको विशेष महाधिवेशनको मागप्रति हाम्रो ऐक्यबद्धता रहेको छ,' दुई महामन्त्रीले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

कांग्रेसका दुई महामन्त्रीको अगुवाइमा दसैंअघिबाट सुरु गरिएको विशेष महाधिवेशन अभियानले असोज २९ गते ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिको हस्ताक्षर पुऱ्याएर केन्द्रीय समितिमा बुझाएका थिए । ४० प्रतिशतभन्दा बढी महाधिवेशन प्रतिनिधिले विशेष महाधिवेशनको माग गर्दै केन्द्रीय समितिसमक्ष माग गरेमा तीन महिनाभित्र महाधिवेशन बोलाउनुपर्ने विधानमा उल्लेख छ ।

⏭ क्रमशः पृष्ठ ५ मा

## पृष्ठ १ बाट क्रमशः

## कांग्रेस-एमाले...

नेकपा नेता हरिबोल गजुरेलले सबै प्रदेशमा उम्मेदवारी दिएको बताए । 'हामीले मतभारको आधारमा सिट बाँडफाँट हुनुपर्छ भन्यौं, तर कांग्रेस र एमालेले हेपेर तीन सिटभन्दा बढी दिन सकिँदैन भने, त्यसपछि लौ न त चुनाव लडौं भनेर हामीले उम्मेदवारी सबै प्रदेशमा दियौं,' उनले भने ।

प्रदेशगत मतभारलाई आधार मान्दा कांग्रेस र एमाले चुनावी गठबन्धनमा रहँदा सबै प्रदेशबाट सहज जित हुने अवस्था छ । नेकपालाई जित निकाल्न निकै कठिन हुने भएको छ । यदि, कांग्रेसको असन्तुष्ट महामन्त्रीद्वयले सहयोग गरे भने नेकपाले अनपेक्षित जित ठाउँ-ठाउँमा निकाल्न सक्ने विश्लेषण पनि भइरहेको छ । तर, त्यस्तो सम्भावना न्यून रहेको जानकारहरू बताउँछन् । कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले गठबन्धनमा दायाँबायाँ नहुने दाबी गरे । 'गठबन्धनमा हामी दुवै शक्ति इमानदार हुन्छौं । त्यसमा कुनै शंका गर्नुपर्ने छैन,' प्रवक्ता महतले भने । गठबन्धनपछि कांग्रेसले सबैभन्दा बढी नौ सिट पाएको छ । एमालेले आठ सिट पाउँदा जसपा नेपालले एक सिट पाएको छ ।

राष्ट्रिय सभामा रिक्त हुने १८ सिटका लागि निर्वाचन हुन लागेको हो । सोहीअनुसार बुधबार सबै प्रदेशमा उम्मेदवारी दर्ता भएको निर्वाचन आयोगले जनाएको छ । आयोगका अनुसारका कोशीमा तीन सिटमा निर्वाचन हुँदै छ । अन्य सिटबाट नेपाली कांग्रेसका सुनिलबहादुर थापा निर्विरोध निर्वाचित भएका छन् । नेकपाबाट उम्मेदवारी नपर्दा उनी निर्विरोध भएका हुन् । उनी पूर्वउद्योगमन्त्री पनि हुन् । धनकुटा घर भएका उनका बुबा सूर्यबहादुर थापा पटक-पटक प्रधानमन्त्री भएका थिए । सुनिल पनि एकपटक मन्त्री र एक पटक सांसद भए । पछिल्लो समय उनी राष्ट्रपति रामचन्द्र पौडेलका राजनीतिक सल्लाहकार थिए । उक्त पदबाट राजीनामा दिएर उनी राष्ट्रिय सभा निर्वाचनमा कोशीबाट अन्य पदमा उम्मेदवार भए । अन्ततः उनी निर्विरोध हुँदा राष्ट्रिय सभाको यात्रा सहज भयो ।

सोही प्रदेशबाट महिला सिटमा नेकपाबाट नमिता न्यौपानेको उम्मेदवारी परेको छ । उनीसँगै नेकपा एमालेकी रोशनी मेचे प्रतिस्पर्धामा छिन् । दलित क्लस्टरमा नेकपाका खेमराज नेपाली र एमालेका सोमनाथ पोर्तेल प्रतिस्पर्धामा छन् । मधेस प्रदेशमा महिलाबाट जनता समाजवादी पार्टी नेपालकी चन्द्रकलादेवी साहको उम्मेदवारी परेको छ । त्यहाँ एमालेकी रेखाकुमारी झा र नेकपाकी शमीकुमारी अग्रवाल पनि प्रतिस्पर्धामा छन् । दलिततर्फ कांग्रेसका धर्मेन्द्र पासवान, जसपा नेपालकी चमेलीदेवी दाल र नेकपाका शम्भु पासवान हजारी प्रतिस्पर्धामा छन् । अपांगता भएका व्यक्ति वा अल्पसंख्यक समुदायबाट रामनन्दन प्रसाद, रञ्जित कर्ण र शैलेशकुमार चौधरीको उम्मेदवारी छ । प्रसाद नेकपा, कर्ण कांग्रेस र चौधरी जसपा नेपालका उम्मेदवार हुन् ।

अन्यबाट महन्थ ठाकुर र लक्ष्मण पौडेल उम्मेदवार छन् । ठाकुर लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष हुन् । उनलाई कांग्रेस, एमाले र जसपाको साथ छ । पौडेल नेकपाका उम्मेदवार हुन् । बागमतीमा महिला कोटामा कांग्रेसकी गीता देवकोटासँग नेकपाकी सरोजकुमारी झा र नेपाल मजदुर किसान पार्टी (नेमकिपा)की कविता महर्जन चुनाव लड्दै छन् । अन्य सिटमा विक्रम ढुकुछु, प्रेमप्रसाद दंगाल र प्रेमप्रसाद सापकोटा उम्मेदवार छन् । ढुकुटु नेमकिपा, दंगाल एमाले र सापकोटा नेकपाका उम्मेदवार हुन् ।

गण्डकीमा महिला सिटमा एमालेकी सम्झना देवकोटा उम्मेदवार छिन् । उनलाई नेकपाकी गोमा लुइँटेल घिमिरे र राष्ट्रिय जनमोर्चाकी लक्ष्मी बास्कोटाले टक्कर दिने भएकी छन् । अन्य सिटमा नेकपाका कपिल लामा उम्मेदवार छन् । उनीसँग चुनावी प्रतिस्पर्धामा कांग्रेसका जगत तिमिल्सिना र राष्ट्रिय जनमोर्चाका शंकरप्रसाद बराल मैदानमा छन् ।

लुम्बिनी प्रदेशको महिला सिटमा नेकपाबाट दुर्गाकुमारी भण्डारी उम्मेदवार छिन् । उनीसँग राष्ट्रिय जनमोर्चाकी पद्मा पण्डित र एमालेकी रामकुमारी झाँक्री प्रतिस्पर्धामा छन् । झाँक्री गत मंसिरको तेस्रो साता एमाले फर्किएकी नेत्री हुन् । पूर्वमन्त्रीसमेत रहेकी झाँक्री राष्ट्रिय राजनीतिमा चर्चित पात्र हुन् ।

लुम्बिनीमै अपांगता भएका व्यक्ति वा अल्पसंख्यक समुदायको सिटमा नेपाली कांग्रेसका वासुदेव घिमिरे र नेकपाका सर्जन विक उम्मेदवार छन् । अन्य सिटमा कांग्रेसका चन्द्रबहादुर केसी, राष्ट्रिय जनमोर्चाका वोमबहादुर खत्री, नेकपाका बृहस्पति अधिकारीको उम्मेदवारी छ । कर्णालीको महिला सिटमा नेकपाकी अञ्जु महतरा र एमालेकी मीनासिंह रखाल उम्मेदवार छन् । अन्य सिटमा कांग्रेसका ललितजंग शाही र नेकपाका बुद्धिप्रसाद शर्मा चुनावी प्रतिस्पर्धामा छन् । सुदूरपश्चिम प्रदेशको महिला सिटमा एमालेकी लिलाकुमारी भण्डारी र नेकपाकी रोजी बस्नेत तथा अन्यमा कांग्रेसका खम्बबहादुर खाती र नेकपाका टीकाराम जैसी उम्मेदवार छन् ।

निर्वाचनमा मतदाता प्रदेश सांसद र स्थानीय तहका प्रमुख/उपप्रमुख तथा अध्यक्ष र उपाध्यक्ष हुन् । उनीहरूको मतभार तोकिएको छ । निर्वाचन आयोगले प्रदेशको राजधानीमा प्रमुख निर्वाचन अधिकृतको कार्यालय स्थापना गरेका छन् । मतदानस्थल र मतदान केन्द्रको पनि व्यवस्था गरिएको जनाएको छ । आगामी २१ फागुनमा राष्ट्रिय सभाका १९ जना सदस्यको पदावधि सकिँदै छ । त्यसमध्ये १८ जना सदस्यको ठाउँमा निर्वाचन हुन लागेको हो । एक जना राष्ट्रपतिबाट मनोनीत हुनाले उक्त पदमा निर्वाचन नहुने भएको छ । प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले मनोनीत गर्ने छन् ।

■■■

## सरकारबाट...

'मैले दिएको राजीनामाको निर्णय त न भाग्ने निर्णय हो, न त जिम्मेवारीबाट विमुख हुने प्रयास हो । यो मेरो आत्मसम्मान, नैतिकता, सिद्धान्त र जनताप्रतिको प्रतिबद्धताको निरन्तरता हो,' उनले भने ।

उनले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)सँग भएको सहमति कार्यान्वयन नभएको हुँदा अझैसम्म आफू स्वतन्त्र रहेको दाबी गरे । तर, उनकै संरक्षकत्वमा रहेको उज्यालो नेपाल पार्टी र रास्वपाबीच एकता गर्ने समझदारी भइसकेको छ । वरिष्ठ उपसभापति दिने सहमति रास्वपा सभापति रवि लामिछाने र काठमाडौंका प्रमुख बालेन्द्र (बालेन) साहसँग भएको छ । यसले उनी रास्वपामा पुगेको र मन्त्रीबाट अलग हुन दबाब बढेको थियो । सोमबार बसेको मन्त्रिपरिषद् बैठकमा प्रधानमन्त्री कार्कीले पनि मन्त्री घिसिङ, सञ्चारमन्त्री जगदीश खरेल र युवा तथा खेलकुदमन्त्री बब्लु गुप्तालाई दलमा आबद्ध भएको भन्दै पदबाट राजीनामा दिन निर्देशन दिएको विवरण सार्वजनिक भएको थियो । नभन्दै घिसिङले बुधबार राजीनामा दिए । घिसिङको राजीनामालाई आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनसँग जोडेर हेरिएको छ ।

राजीनामापछि प्रधानमन्त्री कार्कीले घिसिङको कार्यकाललाई सकारात्मक रूपमा मूल्यांकन गर्दै मन्त्रालयहरूको नेतृत्वमा दिएको योगदानप्रति धन्यवाद व्यक्त गरेकी छन् । प्रधानमन्त्रीको सचिवालयले जारी गरेको विज्ञप्तिमा कठिन परिस्थितिमा सरकारमा सहभागी भएर काम गरेको भन्दै घिसिङको प्रशंसा गरिएको छ । साथै, उनको आगामी राजनीतिक यात्राका लागि शुभकामना पनि दिइएको छ ।

नेपाल विद्युत् प्राधिकरणका पूर्वकार्यकारी निर्देशक घिसिङलाई देशमा लोडसेडिङ अन्त्य गर्ने अभियन्ताका रूपमा चिनिन्छ । तर, केपी शर्मा ओली नेतृत्वको अघिल्लो सरकारले उनलाई प्राधिकरणबाट हटाएपछि उनी सक्रिय राजनीतितर्फ मोडिएका थिए । सरकारमै रहँदा उनले आफ्नो संरक्षकत्वमा 'उज्यालो नेपाल पार्टी' गठन गरेका थिए, जुन दल रास्वपासँग एकीकरण प्रक्रियामा छ । यसरी दलसँग आबद्धता हुँदा घिसिङले राजीनामा दिए । प्रतिनिधिसभा निर्वाचन आउन दुई महिनाभन्दा कम समय बाँकी रहँदा उनले राजनीतिक रूपमा सक्रिय हुन राजीनामा दिएका हुन् । त्यसो त यसअघि नै उनले राजनीतिक रूपमा सक्रिय हुनुअघि नै सरकारबाट बाहिरिने उद्घोष गरेका थिए ।

यता सञ्चारमन्त्री खरेल र युवा तथा खेलकुदमन्त्री गुप्ताको भने राजीनामा दिने सुरसार छैन । मन्त्री खरेलले त प्रधानमन्त्री कार्कीले मन्त्रिपरिषद् बैठकमा राजीनामा दिन घिसिङसहित आफू र गुप्तालाई निर्देशन दिएको समाचारको विश्वसनीयतामाथि नै बुधबार प्रश्न उठाएका छन् ।

■■■

## मन्त्री हुँदा...

लगानीमा निर्माण गर्न नेपाल विद्युत् प्राधिकरण र पावर ग्रिड कर्पोरेसन अफ इण्डिया लिमिटेडबीच संयुक्त उपक्रम तथा सेयरहोल्डर सम्झौतापत्रमा हस्ताक्षर सम्पन्न भएको बताए । उक्त सम्झौताबाट यी अन्तरदेशीय प्रसारण लाइनहरू सन् २०३० सम्म सम्पन्न हुने सुनिश्चितता भई थप करिब पाँच हजार मेगावाट विद्युत् नेपाल-भारतबीच आयात/निर्यात गर्नसक्ने वातावरण बनेको बताएका छन् । नेपालबाट बंगलादेशले आयात गर्दै आएको ४० मेगावाट जलविद्युत्का अतिरिक्त २० मेगावाट थप विद्युत् आवश्यक प्रक्रिया पूरा गरी आयात गर्ने सहमति भएको उनले बताए ।

मन्त्री घिसिङले त्रिभुवन विश्वविद्यालय क्रिकेट रंगशाला निर्माण तथा हाइमास्ट फ्लडलाइड जडानसमेत आफ्नो पालामा भएको काममा राखेका छन् । यसैगरी विभिन्न ठेक्का तोडिएको विषयलाई पनि आफ्नो कार्यकालको प्रगतिका रूपमा उनले राखेका छन् । '१४ वर्षदेखि अलपत्र पारिएको झापाको कन्काई पुलसहित सडक विभागअन्तर्गत करिब तीन अर्ब रूपैयाँबराबरका ४० वटा रुग्ण ठेक्का तोडिएका छन् । थप करिब डेढ सय रुग्ण ठेक्का तोड्ने प्रक्रिया अघि बढाइएको छ,' उनको प्रगति विवरणमा उल्लेख छ ।

घिसिङले आफ्नो कार्यकालमा डेडिकेटेड तथा ट्रंक लाइन प्रयोग गरी विद्युत खपत गरेका उद्योगबाट उठाउनुपर्ने प्रिमियम महसुल उठाउन शुरु गरिएको बताएका छन् । त्यसैगरी बञ्चरेडाँडामा फोहोर विसर्जन अवरुद्ध हुँदा राजधानी अस्तव्यस्त हुने समस्या समाधान गरिएको, मेलम्चीको पानी काठमाडौं ल्याउन भएको अवरोध हटाइएको, कोदारी सडक खुलाएर उत्तरी छिमेकी चीनसँगको नाका पुनःसञ्चालन गरिएको, नसुनले क्षति पुर्‍याएको बिपी राजमार्गलाई समयमै अस्थायीरूपमा सञ्चालनमा ल्याएको विषयलाई पनि प्रगति विवरणमा उल्लेख गरेका छन् ।

■■■

## दुई प्रणालीमार्फत...

जापानले आफ्नो वृद्ध जनसंख्याका कारण लगातार कामदार अभावको सामना गरिरहेको छ । त्यहाँको सरकारले कामदारको संख्या बढाउने भनिरहेको अवस्थामा नेपाल सरकारले जापान पठाउने विगतको झण्झटिलो जापान इन्टरनेसनल ट्रेनी एण्ड स्किल्ड वर्कर को-अपरेसन (जिट्को) निर्देशिका हालै खारेज गरिदिएको छ । उक्त निर्देशिका खारेजीपछि व्यवसायीहरू उत्साहित भएका छन् । अब जापान कामदार पठाउन छुट्टै इजाजतपत्र लिन नपर्ने भएको छ । व्यवसायीलाई दुःख दिइरहेको प्रवधान हटेको अवस्थामा रोजगारीमा जानेहरूको संख्या बढ्ने नेपाल वैदेशिक रोजगार व्यवसायी संघका सचिव कुन्छादोर्जे डिम्दोङले बताए ।

'जाने कामदारको संख्या वृद्धि हुन्छ । जापानबाट धेरै मागपत्र आइरहेका छन् । पहिले जिट्कोको लाइसेन्स नभएपछि पठाउन पाइँदैन भनेर मार्केटिङ पनि भएको थिएन,' उनले भने, 'अब सबैले काम गर्छन् । विगतमा परीक्षा लिएर फेल गराउनेजस्ता कार्यले पनि जानेहरूको संख्या घटेको थियो ।' जापानमा नेपालीहरू रेस्टुरेण्ट, कियरगिभर, प्याकेजिङ, हस्पिटालिटीलगायतका काममा जाँदै आएका छन् ।

त्यहाँका रोजगारदाताहरू नेपाली कामदारप्रति सकारात्मक रहेको डिम्दोङको भनाइ छ । श्रमिक पठाउने प्रक्रिया छिटो छरितो नहुँदा समस्या हुँदै आएको उनले बताए । गत आर्थिक वर्ष २०८१/८२ मा २३ हजार ७१ युवा श्रम स्वीकृति लिएर जापान गएका थिए । जसमध्ये एक हजार ५८१ जना म्यानपावर र १७ हजार १६३ जना व्यक्तिगत माध्यमबाट गएका हुन् । त्यस्तै आव २०८०/८१ मा १३ हजार ८६४ जना जापान गएका थिए । जसमा एक हजार २०१ जना संस्थागत र नौ हजार २९९ जना व्यक्तिगत श्रम स्वीकृतिमा गएका थिए ।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**कम्पनी दर्ता खारेज गरिएको १ दिने सूचना**

यस कार्यालयको मिति २०७६/०६/१३ मा दर्ता भएको **प्रा. लि. नं. २२६२५३** को **ए. एन. जी. निर्माण सेवा प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०९/२२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६क बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**कम्पनी दर्ता खारेज गरिएको १ दिने सूचना**

यस कार्यालयको मिति २०७९/०२/१२ मा दर्ता भएको **प्रा. लि. नं. २९११४७** को **सस्टेनेबल म्यानेजमेन्ट फर एक्सेसिबल सिसोर्सेस एण्ड टेक्नोलोजी प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०९/२२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६क बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति : २०८२/०९/२४ गते**

यस कम्पनीको मिति २०८२/०१/१४ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **पि. पि. आर. कन्स्ट्रक्सन प्रा.लि** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०२/०४ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **पि. पि. आर. कन्स्ट्रक्सन एण्ड सप्लार्यस प्रा.लि. (प्रा.लि.नं. २००३९७)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मितिः २०७६/०८/०१ मा दर्ता भएको प्रा.लि.नं. **२२८३६८** को **बिज ग्रो एग्रिकल्चर फार्म** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०९/२२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ क बमोजिम विशेष दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मितिः २०६६/०८/१० मा दर्ता भएको प्रा.लि.नं. **६८०१४** को **टोखा नेवारी खाजाघर रेष्टुरेन्ट** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०९/२२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ क बमोजिम विशेष दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**अरिहन्त इन्टरनेशनल प्रा. लि. खारेजी (लिक्विडेसन) सम्बन्धमा हकदावी गर्न आउने बारे सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६९/०५/२७ मा दर्ता भएको प्रा. लि. नं.९७२३१ को अरिहन्त इन्टरनेशनल प्रा. लि. लाई खारेजी (लिक्विडेसन) मा लैजाने कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम मिति २०८२/०९/२३ गतेको विशेष सधारणसभाले निर्णय गरेकोले तिर्न' व्यहोर्न' पर्ने ऋण, धन एव कोहि/कसैको कुनै किसिमको लेनदेन, बाँकी बक्यौता भएमा तथ्ययुक्त आधार र सबुत प्रमाण सहित सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्र निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्विडेटर, बिनोद कुमार**
**प्र.प.नं. ५९३, मो.नं. ९८५१०६४६२०**

**हिप्को इस्पात लिमिटेडको**
**वार्षिक साधारण सभा बस्ने सूचना**

यस कम्पनीको मिति २०८२/०८/२८(तदनुसार १४ डिसेम्बर २०२५) गतेका दिने बसेको संचालक समितिको बैठकले गरेको निर्णय अनूसार यस कम्पनीको वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुनाले शेयरधनी महानूभावहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने मिति, समय र स्थानः**
मिति : २०८२ पौष २६ गते (१० जनवरी २०२६) शनिबार ।
समय : अपरान्ह ३:३० बजे ।
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, गणबहाल, काठमाडौं ।

**छलफलका विषयहरुः**
१. आर्थिक वर्ष २०८१/८२ को संचालक समितिको प्रतिवेदन पारित गर्ने ।
२. लेखा परीक्षकको प्रतिवेदन सहितको ३२ आषाढ २०८२ को वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह लगायत वित्तिय विवरणहरु छलफल गरी स्वीकृत गर्ने ।
३. कम्पनी ऐनको दफा ७८ अर्न्तगतको प्रतिवेदन र उद्घोषण प्रस्तुत गर्ने ।
४. संचालक समितिले गरेका निर्णयहरुको अनुमोदन गर्ने ।
५. आर्थिक वर्ष २०८२/८३ का लागि लेखा परीक्षकको नियुक्ती र निजको पारिश्रमिक तोक्ने ।
६. विविध ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**सातकन्या बचत तथा ऋण सहकारी संस्था लि.**
**का.म.न.पा-०६, शान्तिनगर, काठमाडौं**
**फोन नं.: ०१-४८२३५२०, Email: satkanyasaving1@gmail.com**

**कर्जा चुक्ता सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/०९/२५**

तपशिलमा उल्लेखित तपाई ऋणीहरूले विभिन्न शिर्षक अन्तर्गत यस संस्थाबाट कर्जा लिई कर्जा लिंदा गरेको शर्त कबुलियत बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना तथा अन्य दै दस्तुर आदि नबुझाई बाँकी बक्यौता राखेको कारण तपाई ऋणी तथा जमानीकर्तालाई मौखिक तथा लिखित रूपमा ताकेता गरी बाँकी बक्यौता बुझाउन आउनु होस् भनि अनुरोध गर्दा पनि बेवास्ता गरी बसेकोले कर्जा चुक्ता सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको तसर्थ यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा उपस्थित भई यस संस्थाबाट लिएको कर्जाको साँवा ब्याज हर्जाना तथा विलम्ब, बाँकि बक्यौता बुझाउन आउनु वा सो बुझाई सकेको भए सोको प्रमाण पेश गर्न आउनु होला । नआएमा प्रचलित कानून बमोजिम बाँकी बक्यौता असुल उपर गरी पाउ भनि उजुरी गरी तपाई वा तपाईको घरका अंशियारको नाउँमा रहेको चल अचल सम्पत्ति रोक्का राखि असुल उपर गरिने व्यहोरा पनि जानकारीको लागि अनुरोध छ ।

**तपसिल**

| क्र.स. | ऋणीको विवरण | जमानीकर्ताको विवरण |
|---|---|---|
| १ | **नाम : सर्मिला श्रेष्ठ**<br>बाजेको नाम : टेक बहादुर श्रेष्ठ<br>पिताको नामः तोथ कुमार श्रेष्ठ<br>स्थायी ठेगानाः दुधकुण्ड न.पा.९, सोलुखुम्बु<br>ना.प्र.नंः ११-०१-७१-०१८४२<br>जन्म मितिः २०४८/११/०१ | **नाम : बिन्दु सागर गोले**<br>बाजेको नाम : भक्त बहादुर तामाङ<br>पिताको नाम : कृष्ण बहादुर तामाङ<br>स्थायी ठेगानाः दोलखा, भेइपु-३<br>ना.प्र.नंः १७९१९/२१८९<br>जन्म मितिः २०३८/०५/ |
| २ | **नाम : दिपक तामाङ ग्यावक**<br>बाजेको नाम : ललित बहादुर तामाङ<br>पिताको नामः लोकमान तामाङ<br>स्थायी ठेगानाः दोलखा, भेइपु-८<br>ना.प्र.नंः २२१००३/६५<br>जन्म मितिः २०४६/०२/२८ | |
| ३ | **नाम : दिशोना जोशी**<br>बाजेको नाम : दुर्गेश्वर लाल जोशी<br>पिताको नामः दिपक लाल जोशी<br>स्थायी ठेगानाः का.म.न.पा-२४, न्युरोड<br>ना.प्र.नंः<br>जन्म मितिः | |
| ४ | **नाम : केशव ग्यावक**<br>बाजेको नाम : ललित बहादुर तामाङ<br>पिताको नामः लोकमान तामाङ<br>स्थायी ठेगानाः दोलखा जिल्ला, भेइपु-८<br>ना.प्र.नंः २२१००३-६७३<br>जन्म मितिः २०४८/०४/१७ | |
| ५ | **नाम : मिना पन्त**<br>बाजेको नाम : कृष्ण प्रसाद पनेरु<br>पिताको नामः राम प्रसाद पनेरु<br>स्थायी ठेगानाः गोरखा जिल्ला, ताङलेचोक-१<br>ना.प्र.नंः १९६३<br>जन्म मितिः २०३१/१०/२५ | **नाम : शुरु पन्त** |
| ६ | **नाम : विवेक विक्रम शाह**<br>बाजेको नाम : कर्ण विक्रम शाह<br>पिताको नाम : वसन्त विक्रम शाह<br>सवारी चालक कार्ड नं : १०-११९९८७<br>स्थायी ठेगानाः बाँके जिल्ला, नेपालगञ्ज-१२<br>ना.प्र.नंः २०७७/०३/२४<br>जन्म मितिः २०३२/०४/१९ | **नाम : तारा गुरुङ** |
| ७ | **नाम : कमला मोक्तान**<br>बाजेको नाम : हर्क बहादुर तामाङ<br>पिताको नाम : सानुलाल बहादुर तामाङ<br>स्थायी ठेगानाः मकवानपुर जिल्ला, डाँडाँखर्क ५<br>ना.प्र.नंः ३११०३९/५०४७०<br>जन्म मितिः २०३४/०३/२४ | **नाम : आइमान मोक्तान**<br>बाजेको नाम : लक्ष्मण मोक्तान<br>पिताको नाम : धन बहादुर मोक्तान<br>स्थायी ठेगानाः मकवानपुर जिल्ला, डाँडाँखर्क ५ |
| ८ | **नाम : प्रकाश खड्का**<br>बाजेको नाम : कर्ण ब. खड्का<br>पिताको नाम : कृष्ण ब. खड्का<br>स्थायी ठेगानाः सिन्धुपाल्चोक जिल्ला, साँगाचोक-१<br>ना.प्र.नंः १३४५४०<br>जन्म मितिः २०४४/०८/०४ | **नाम : उद्धव खड्का**<br>स्थायी ठेगानाः का.म.पा-६ |
| ९ | **नाम : उमा बम**<br>बाजेको नाम : बिनय बम राठौर<br>पिताको नाम : चक्र ब. सिंह राठौर<br>स्थायी ठेगानाः बाँके जिल्ला, नेपालगञ्ज १४<br>ना.प्र.नंः ४/१४१२/०८<br>जन्म मितिः २०२८/०४/१० | **नाम : कमल बम**<br>पिताको नाम : वृहनसिंह बम<br>स्थायी ठेगानाः कैलाली जिल्ला, दोदोधरा<br>ना.प्र.नंः १७२२<br>जन्म मितिः २०२१ |


# Ruby Valley Rural Municipality
## Office of Rural Municipal Executive,
### Sertung , Dhading

## Invitation for Bids

Date of Publication: 2082/09/24

1.Ruby Valley Rural Municipality, the Office of Rural Municipal Executive, invites **e-biddng** from eligible bidders through "**Single Stage Single Envelope**" Procedure for the project mentioned below.

| SN | Name of Project | Estimated Amount With VAT & PS | Bid Document Price (NRs.) | Bid Security (NRs.) | Closing Date &Time | Opening Date &Time |
|---|---|---|---|---|---|---|
| 1 | RubyValley Primary Hospital Improvement Rubyvalley,3 (RVRM/NCB/GOODS/2082/083/05) | 30,72,850.15/- | 3,000 /- | 76,821.25/- | 8th February 2026 12:00 Noon | 8th February 2026 13:00 Noon |

2. A complete set of Bid Document and related information can be downloaded from ***www.bolpatra.gov.np/egp***

3.The employer reserves the right to accept or reject wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

# ‘लोकतन्त्रको मूल आधार नै निर्वाचन’

**काठमाडौं (प्रस)–** निर्वाचन आयुक्त डा. जानकीकुमारी तुलाधरले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयरहित, समावेशी तथा विश्वसनीयरूपमा सम्पन्न गर्न आयोगले पूर्णप्रतिबद्धताका साथ कार्य गरिरहेको बताएकी छन् ।

निर्वाचन प्रशिक्षक प्रशिक्षण दुई दिने कार्यशाला गोष्ठी समापन समारोहमा उनले आगामी निर्वाचन नेपालको लोकतान्त्रिक अभ्यासको एक अत्यन्त संवेदनशील र निर्णायक चरण भएको उल्लेख गरिन् । आयुक्त डा. तुलाधरले भनिन्, ‘लोकतन्त्रको मूल आधार नै निर्वाचन हो, र निर्वाचनको विश्वसनीयता, निष्पक्षता तथा पारदर्शिता सुनिश्चित गर्ने प्रमुख जिम्मेवारी आयोग र यसमा संलग्न सम्पूर्ण जनशक्तिको काँधमा रहन्छ ।’

उनका अनुसार, स्वीकृत निर्वाचन कार्यतालिकाअनुसार मतदाता नामावली अद्यावधिक तथा मतपत्र छपाइको कार्य प्रारम्भ भइसकेको तथा निर्वाचनका लागि आवश्यक सामग्रीमध्ये ३७ प्रकारका सामग्री जिल्लास्तरबाट विकेन्द्रीकृतरूपमा खरिद गर्ने तथा ११ प्रकारका सामग्री सार्वजनिक निकायबाट खरिद गर्ने योजना कार्यान्वयनको चरणमा पुगेको छ ।



सबै १६५ निर्वाचन क्षेत्रका लागि निर्वाचन अधिकृतको नियुक्ति सम्पन्न भइसकेको छ । निर्वाचन आयुक्त तुलाधरले निर्वाचन व्यवस्थापनमा खटिने जनशक्तिको समयमै परिचालन, जिम्मेवारीको स्पष्टता, तटस्थ आचरण तथा निर्वाचन आचारसंहिताको पूर्ण पालना निर्वाचनको विश्वसनीयताको आधारस्तम्भ भएको बताइन् ।

मतदान प्रक्रियालाई गोप्य, सुरक्षित, सरल र मतदातामैत्री बनाउने सन्दर्भमा मतदान केन्द्र व्यवस्थापन, मतदान प्रक्रिया, मतगणना, विवाद तथा गुनासो व्यवस्थापन र नतिजा प्रमाणीकरणमा देशव्यापी रूपमा एकरूपता कायम गर्न प्रशिक्षक तथा स्रोत व्यक्तिहरूको भूमिका निर्णायक रहने उनको भनाइ थियो ।

निर्वाचनमा पहिलोपटक मतदान गर्ने नवयुवा पुस्ताका मतदाताहरूको उल्लेखनीय सहभागिता रहने भएकाले उनीहरूमा लोकतन्त्रप्रति विश्वास, उत्तरदायित्व र उत्साह अभिवृद्धि गर्ने कार्य पनि प्रशिक्षकमार्फत तल्लो तहसम्म पुग्न पर्नेमा उनको जोड छ ।

आयोगका सचिव कृष्णबहादुर राउतले निर्वाचनको क्रममा आर्थिक व्यवस्थापनमा पारदर्शिता, मितव्ययिता र उत्तरदायित्व अपरिहार्य रहेको बताए । उनले भने, ‘सुरक्षा व्यवस्थापनमा सबै सुरक्षा फौजसँगको समन्वय, जोखिम मूल्यांकन र संवेदनशील मतदान केन्द्रको पहिचान अत्यन्त महत्त्वपूर्ण पक्ष हुन् । गलत मतदान हुने नदिन, बदर मत कम गर्न र मतदातामा रहेको निर्वाचनसम्बन्धी भ्रमको अन्त्य गर्न प्रभावकारी मतदाता शिक्षा अपरिहार्य छ ।’

निर्वाचन आचारसंहिता, अनुगमन तथा पर्यवेक्षण संयन्त्रमार्फत यस्ता गतिविधिको नियन्त्रण र नियमनलाई आयोगले प्राथमिकतामा राखेको बताउँदै सचिव राउतले अभिव्यक्ति स्वतन्त्रताको संवैधानिक अधिकारको सम्मान गर्दै निर्वाचनको स्वच्छता, मर्यादा र सन्तुलन कायम गर्न स्रोत व्यक्तिको अभिमुखीकरणको महत्त्वपूर्ण भूमिका रहने धारणा राखे । उनले आयोग, सुरक्षा निकाय, सरकारी संयन्त्र, राजनीतिक दल, सञ्चारमाध्यम तथा आम मतदाताको साझा प्रयासबाट यो निर्वाचन लोकतन्त्रको उत्सवका रूपमा सफलतापूर्वक सम्पन्न हुने विश्वास व्यक्त गरे ।

# आचारसंहितामा सञ्चारसम्बन्धी बुँदा थपियो

**काठमाडौं (प्रस)–** निर्वाचन आयोगले निर्वाचन आचारसंहितामा सञ्चारसम्बन्धी नयाँ बुँदा थप गरेको छ । आयोगले बुधबार यहाँ कार्यक्रम गरी निर्वाचन प्रचारप्रसार निषेध अवधिमा कुनै पनि प्रकारका छलफल, अन्तक्रिया, सभासम्मेलन, कार्यशाला गोष्ठी आदि गर्न नपाइने, कुनै पनि विधि, प्रक्रिया वा माध्यमबाट मत माग्न र निर्वाचन प्रचारप्रसार गर्न नहुने व्यवस्था थप गरेको जानकारी गराएको छ ।

नयाँ प्रावधानअनुसार अनलाइन माध्यमको निर्वाचन प्रचारप्रसार खर्चको विवरणसमेत निर्वाचन खर्चमा समावेश गर्नुपर्ने, राजनीतिक दल, उम्मेदवार तथा दलका भ्रातृ संगठनले अनलाइन सञ्चारमाध्यमबाट गर्ने प्रचारप्रसारलाई व्यवस्थित गरी त्यस्तो खर्चलाई निर्वाचन खर्च विवरणमा समावेश गर्नुपर्ने व्यवस्था राखिएको छ ।

त्यस्तै, थपिएको नयाँ बुँदामा संविधानद्वारा प्रत्याभूत पूर्ण प्रेस स्वतन्त्रता र यसको स्वनियमनलाई आन्तरिकीकरण गरिएको उल्लेख छ । सामाजिक सञ्जालको परिभाषालाई विस्तृत सामाजिक सञ्जाल प्लेटफर्मको परिभाषामा गरिएको छ भने बदलिँदो समयमा आर्टिफिसियल इन्टिलिजेन्स (एआई) को प्रयोग गरी हुने आचारसंहिताको उल्लंघनका विषयलाई समेटिएको छ ।

पत्रपत्रिकाका माध्यमबाट प्रचारप्रसार गर्दासम्मको आकारमा कुनै एउटा पत्रिकामा प्रचार सामग्री छपाउन सक्ने व्यवस्था गरिएको र अनलाइन सञ्चार माध्यमबाट रोड ब्लक, कन्टेन्ट ब्लक, होमपेज, ब्यानर, डिटेल पेज ब्यानर, बक्स विज्ञापन (सामाचारको बीचमा) का माध्यमबाट निर्वाचन प्रचारप्रसार गराउनसक्ने व्यवस्था मिलाइएको छ ।

कार्यक्रममा मन्त्रालयकी सचिव राधिका अर्यालले निर्वाचनलाई सफलतापूर्वक सम्पन्न गर्नु सबैको दायित्व भएको बताइन् । उनले भनिन्, ‘हामीसँग जेजस्तो अवस्थामा छौं, अधिकतम नतिजा हासिल गर्नेगरी कार्यसम्पादन गर्नुपर्छ । अभावको पक्षलाई धेरै जोड दिन हुन्न ।’

निर्वाचन आचारसंहिताको आफूले पूर्णरूपमा पालना गर्न र गराउन सुझाव दिँदै उनले आफ्नो कार्यालयको जिम्मेवारी क्षेत्रका विषयलाई गुनासो र प्रश्न नआउने गरी काम गर्न निर्देशन दिइन् । सम्भावनाका आधारमा आफ्ना संरचनालाई प्रयोग गरी नतिजा प्राप्त गर्नेगरी काम गर्नुपर्ने आवश्यकता औंल्याउँदै उनले तुलनात्मक रूपमा चुनौती देखिएको आइटीकाबारे थप छलफल हुनुपर्ने बताइन् । दर्ता नभएका अनलाइन सञ्चारमाध्यमलाई दर्ताका लागि सूचना र पत्रचार गर्न सुझाव दिँदै उनले दर्ता नभएका अनलाइनलाई नियमनको दायरामा ल्याउनुपर्ने आवश्यकता औंल्याइन् ।

# शंखरापुरमा बस दुर्घटना, चार जनाको मृत्यु

**काठमाडौं (प्रस)–** शंखरापुर नगरपालिका-३ स्थित फेरी जंगलमा बुधबार साँझ भएको बस दुर्घटनामा चार जनाको मृत्यु भएको छ ।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले चार जनाको मृत्यु पुष्टि भएको र अन्य २२ जना घाइते भएका जानकारी दिए । मृतकको सनाखत हुन सकेको छैन । यहाँ वनभोज खाएर फर्किएको बा४ख ८७८८ नम्बरको बस दुर्घटनामा हुँदा उनीहरूको मृत्यु भएको उनले बताए ।

साँझ ६ बजेतिर उक्त बस दुर्घटना भएको थियो । दुर्घटनामा २२ जना घाइते भएका छन् । उनीहरूको काठमाडौंका विभिन्न अस्पतालमा उपचार भइरहेको छ । उनीहरूको नेपाल मेडिकल कलेज, शंखरापुर अस्पताल, मूलपानी नगर अस्पतालमा र सुष्मा कोइराला अस्पताल सउपचार भइरहेको छ ।

उक्त बसमा ४० जनाजति सवार रहेका जनाइएको छ । ‘नेचर हर्व’ संस्थाका कर्मचारी वनभोज खाएर आएको बस दुर्घटनामा परेको प्रहरीले जनाएको छ ।

# महोत्तरीमा ३७ वटा नयाँ मतदान केन्द्र थप

**महोत्तरी (प्रस)–** आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि महोत्तरीमा ३७ वटा मतदान केन्द्र थपिएका छन् । जिल्ला निर्वाचन कार्यालयका अनुसार जिल्लामा २५८ वटा मतदानस्थल तोकिएका छन् । जिल्ला निर्वाचन अधिकारी रञ्जिता झाले आगामी प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जिल्लामा ५३६ वटा मतदान केन्द्र कायम गरिएको जानकारी दिइन् । उनका अनुसार यसअघि जिल्लामा ४९९ वटा मतदान केन्द्र रहेकामा ३७ थप गरी ५३६ पुर्‍याइएको हो ।

चारवटा निर्वाचन क्षेत्र रहेको महोत्तरीको निर्वाचन क्षेत्र नं १ मा ५९ वटा मतदानस्थल र १३० वटा मतदान केन्द्र कायम भएका छन् । त्यस्तै निर्वाचन क्षेत्र नं २ मा ६२ मतदानस्थल र १३३ वटा मतदान केन्द्र कायम गरिएको झाले उल्लेख गरिन् ।

निर्वाचन क्षेत्र नं ३ मा ७७ मतदानस्थल र १४२ वटा मतदान केन्द्र कायम गरिएको छ भने निर्वाचन क्षेत्र नं ४ मा ६० मतदानस्थल र १३१ वटा मतदान केन्द्र कायम गरिएको निर्वाचन अधिकारी झाले बताइन् । उनका अनुसार प्रतिनिधिसभा सदस्य निर्वाचनमा जिल्लाबाट चार लाख ३१ हजार २८२ जना मतदाताले मतदान गर्ने छन् ।


स्थानीय सरकार

**महाकुलुङ गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**बुङ, सोलुखुम्बु, कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशन मितिः २०८२/०९/२४ गते**

यस गाउँपालिकाको मिति २०८२/०७/३० गतेको राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार E–Bid मार्फत दर्ता हुन आएका बोलपत्रदाताहरु मध्ये तपशिल बमोजिमको बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखि सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) र ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | ठेक्का नं. | कार्यको विवरण | स्वीकृतीको लागि छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (मू.अ. कर र पी. एस. बाहेक ) रु. |
|---|---|---|---|---|
| १. | MRM/NCB/WORKS/2082/083/01 | Mahakulung Ringroad Upgradation Works at Mahakulung Rural Municipality, Bung, Solukhumbu. | श्री कौशिटार निर्माण सेवा, भक्तपुर, नेपाल | ६३,६७,६६६.८०/- |

**प्रमुख प्रशासकीय अधिकृत**



**Shikhar Municipality**

**Office of the Municipal Executive**

**Talkot, Doti**

**Notice of Intention to Award Contract**

**Date of publication: 2082/09/24**

This notice has been published to inform all concerned, including the bidders, about the intention to Award Contract regarding the contracts under the tender notice published in National Daily (In Different Dated Fy 2082/083) in accordance with Public Procurement Act, 2063 Clause 27 (2) and Clause 47.

| S. N. | Contract No. | Description of Works | Name and Address of the Successful Bidder | Accepted Bid Amount WITHOUT VAT And P.S (NRS.) |
|---|---|---|---|---|
| 1. | SMDOTI/NCB/W/01/2082/083 | Upgrading Works of Kalagad Chhadimandu Road. Shikhar, 6, Doti | RUDRAWATINIRMANSEWA PVT. LTD DHANGADHI-5 KAILALI | 3,08,96,507.00 |

**Chief Administrative Officer**



**माउण्ट धौलागिरी बहुउद्देश्यीय सहकारी संस्था लि.बाट कारोबार गर्ने तपशिलका ऋणी सदस्यलाई ऋण तीर्न आउने बारेको ३५ दिने सूचना**

(प्रकाशित मिति २०८२ साल पौष २४ गते बिहीबार)

माउण्ट धौलागिरी बहुउद्देश्यीय सहकारी संस्था लि. ढुङ्गेधारा, रिङ्गरोड काठमाण्डौबाट ऋण लिई कारोबार गर्ने तपसिलमा उल्लेखित ऋणी सदस्यले लिएको कर्जा संस्थालाई समय-समयमा तीर्नु बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना व्याज एवं अन्य दै-दस्तुर आदि समेतको रकम भाखा भित्र नतिरी नबुझाई कर्जा सम्वन्धी शर्त बन्देजहरुको उल्लंघन गरेको र बारम्बार लिखित तर-ताकेता तथा व्यक्तिगत सम्पर्क राखी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा चुक्ता भुक्तानी गर्ने तर्फ कुनै पहल गरेको नपाईएकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थालाई तीर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तुर रकम बुझाई ऋण चुक्ता गर्नुहोला । अन्यथा तपाई ऋणी तथा जमानी दिने सदस्यहरुले यस संस्थालाई कर्जाको सुरक्षण बापत लेखी/लेखाई दिएको चल अचल सम्पत्ती, सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनीयम तथा कर्जा नियमावली बमोजिम संस्थाले लेना रकम असुल-उपर गर्ने ब्यहोरा यसै सुचनाद्वारा जानकारी गराईन्छ । यसरि सूचना प्रकाशित गर्दा लागेको प्रशासनिक खर्च र कर्जा असुलीको क्रममा लागेको कानूनी खर्च ऋणी सदस्यको कर्जा खातामा समावेश गरिने छ । ऋणी तथा धितो/धनजमानी दिने व्यक्तिले यसै सूचनालाई आधार मानी सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र संस्थालाई तीर्न बुझाउनु पर्ने बाँकी ऋण रकम चुक्ता भुक्तानी गर्नुहोला ।

**तपशिल**

| ऋणीको नाम ठेगाना | जमानिको विवरण |
|---|---|
| **१. ऋणीको नामः तोयानाथ चालिसे**<br>(ना.प्र.नं. २४४, चितवन)<br>बाबु : भक्तिनाम चालिसे<br>बाजे : लालु उपाध्याय चालिसे<br>साविकको ठेगाना : भरतपुर न.पा. वडा नं. १, चितवन<br>हालको ठेगाना : भरतपुर म.न.पा वडा नं. ३, चितवन | नामः **अस्मिता भण्डारी**<br>(ना.प्र.नं. ३६९८५, चितवन)<br>बाबुको नामः भीम प्रसाद भण्डारी<br>बाजे : तिल प्रसाद भण्डारी<br>पति : विद्या सागर चालिसे<br>साविकको ठेगाना : भरतपुर न.पा. वडा नं. ४, चितवन<br>हालको ठेगाना : भरतपुर म.न.पा. वडा नं. ३, चितवन |
| **२. ऋणीको नामः बन्दना पौडेल**<br>(ना.प्र.नं. ५९४७, बाग्लुङ्ग)<br>बाबु : तोयानाथ चालिसे<br>बाजेः भक्तिनाम चालिसे<br>हालको ठेगाना : का.म.न.पा. १६, बालाजु, काठमाडौं | नामः **लेखनाथ पौडेल**<br>(ना.प्र.नं. १४९०, बाग्लुङ्ग))<br>बाबुको नामः ओम प्रसाद शर्मा पौडेल<br>बाजे : प्रेम प्रसाद शर्मा पौडेल<br>हालको ठेगाना : का.म.न.पा. १६, बालाजु, काठमाडौं |
| **३. ऋणीको नामः ज्ञानेन्द्र प्रसाद पौडेल**<br>(ना.प्र.नं. ५५३, बाग्लुङ्ग)<br>बाबुको नामः ओम प्रसाद शर्मा पौडेल<br>बाजे : प्रेम प्रसाद शर्मा पौडेल<br>हालको ठेगाना : का.म.न.पा. १६, बालाजु, काठमाडौं | नामः **बन्दना पौडेल**<br>(ना.प्र.नं. ५९४७, बाग्लुङ्ग)<br>बाबु : तोयानाथ चालिसे<br>बाजेः भक्तिनाम चालिसे<br>हालको ठेगाना : का.म.न.पा. १६, बालाजु, काठमाडौं |
| **४. ऋणीको नामः बिसु पण्डित**<br>(ना.प्र.नं. २८९८०)<br>बाबुको नामः छबिलाल पण्डित<br>बाजे : प्रेम प्रसाद शर्मा पौडेल<br>हालको ठेगाना : का.म.न.पा. १६, बालाजु, काठमाडौं | नामः **ज्ञानेन्द्र प्रसाद पौडेल**<br>(ना.प्र.नं. ५५३, बाग्लुङ्ग)<br>बाबुको नामः ओम प्रसाद शर्मा पौडेल<br>बाजे : प्रेम प्रसाद शर्मा पौडेल<br>हालको ठेगाना : का.म.न.पा. १६, बालाजु, काठमाडौं |
| **५. ऋणीको नामः लेखनाथ पौडेल**<br>(ना.प्र.नं. १४९०, बाग्लुङ्ग))<br>बाबुको नामः ओम प्रसाद शर्मा पौडेल<br>बाजे : प्रेम प्रसाद शर्मा पौडेल<br>हालको ठेगाना : का.म.न.पा. १६, बालाजु, काठमाडौं | नामः **बन्दना पौडेल**<br>(ना.प्र.नं. ५९४७, बाग्लुङ्ग)<br>बाबु : तोयानाथ चालिसे<br>बाजेः भक्तिनाम चालिसे<br>हालको ठेगाना : का.म.न.पा. १६, बालाजु, काठमाडौं |
| **६. ऋणीको नामः सरस्वती शर्मा**<br>(ना.प्र.नं. १४३८८)<br>बाबुको नामः चुडामणी तिवारी<br>बाजे : तुलसीराम तिवारी<br>हालको ठेगाना : का.म.न.पा. १६, बालाजु, काठमाडौं | नामः **गोविन्द प्रसाद शर्मा**<br>(ना.प्र.नं. १४६१, बाग्लुङ्ग)<br>बाबुको नामः ओम प्रसाद शर्मा पौडेल<br>बाजे : प्रेम प्रसाद शर्मा पौडेल<br>हालको ठेगाना : का.म.न.पा. १६, बालाजु, काठमाडौं |
| **संयुक्तमा रहेको सम्पूर्ण धितोको विवरण** | |
| १. चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. २६ साविक भरतपुर सिस्वार वडा नं. ४ मा अस्मिता भण्डारी र बन्दना पौडेल को संयुक्त नाममा दर्ता रहेको कि.नं. १०० को क्षेत्रफल २-१२-६-० (विघा) जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लिगापात समेत ।<br>२. चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. २६ साविक भरतपुर सिस्वार वडा नं. ४ मा अस्मिता भण्डारी र गोविन्द प्रसाद शर्मा को संयुक्त नाममा दर्ता रहेको कि.नं. ३२६ को क्षेत्रफल १-०-०-० (विघा) जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लिगापात समेत ।<br>३. चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. २६ साविक भरतपुर सिस्वार वडा नं. ४ मा अस्मिता भण्डारी र ज्ञानेन्द्र प्रसाद पौडेल को संयुत्त नाममा दर्ता रहेको कि.नं. ३२७ को क्षेत्रफल १-३-०-० (विघा) जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लिगापात समेत । | |
| **७. ऋणीको नामः युद्ध विलास न्यौपाने**<br>(ना.प्र.नं.:१७१६/१४४, चितवन)<br>बाबुः शिवलाल न्यौपाने<br>बाजेः देवि प्रसाद न्यौपाने<br>स्थायी ठेगानाः चितवन<br>जिल्ला, भरतपुर म न पा वडा नं. ५<br>हालः भरतपुर<br>जग्गा धनी लिला देवी न्यौपाने<br>चितवन चितवन, गितानगर ५ | **नामः सुमन अधिकारी**<br>(ना.प्र.नं.:९६२, चितवन)<br>बाबुः कुल प्रसाद अधिकारी<br>बाजेः चतुराखर अधिकारी<br>स्थायी ठेगानाः चितवन<br>जिल्ला, गितानगर वडा नं. ३, पृथिवीनगर<br>हालः काठमाडौं जिल्ला नागार्जुन न.पा. वडा नं. ६, रामकोट |
| **धितोको विवरण** | |
| १. चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ५ मा लिला देवी न्यौपानेको नाममा दर्ता रहेको कि.नं.२७६० को क्षेत्रफल ९०१-८१-०-० व. मि. जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लिगापात समेत । | |
| **८. ऋणीको नामः सुमन अधिकारी**<br>(ना.प्र.नं.:९६२, चितवन)<br>बाबुः कुल प्रसाद अधिकारी<br>बाजेः चतुराखर अधिकारी<br>स्थायी ठेगानाः चितवन<br>जिल्ला, गितानगर वडा नं. ३, पृथिवीनगर<br>हालः काठमाडौं जिल्ला नागार्जुन न.पा. वडा नं. ६, रामकोट | **नामः युद्ध विलास न्यौपाने**<br>(ना.प्र.नं.:१७१६/१४४, चितवन)<br>बाबुः शिवलाल न्यौपाने<br>बाजेः देवि प्रसाद न्यौपाने<br>स्थायी ठेगानाः चितवन<br>जिल्ला, भरतपुर म न पा वडा नं. ५ |
| **धितोको विवरण** | |
| १. चितवन जिल्ला गितानगर. न.पा वडा नं.३ मा सुमन अधिकारीको नाममा दर्ता रहेको कित्ता नं. ४४९ को क्षेत्रफल ०-२-१३.५-०, कित्ता न. ५१४ को क्षेत्रफलः ०-१-०-०, कित्ता नं. ५१५ को क्षेत्रफलः ०-४-०-०, कित्ता नं.:४४८ को क्षेत्रफलः ०-१-१३-०, कित्ता नं.: १२१४ को क्षेत्रफलः ०-५-७-० जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लिगापात समेत । | |

**माउण्ट धौलागिरी बहुउद्देश्यीय सहकारी संस्था लि.**
माउण्ट धौलागिरी भवन, अन्नपुर्ण चोक, सानोभऱ्याङ्ग, रिङ्गरोड-१५, काठमाडौं
नेपाल, फोन नं.: ०१-५२४९३३८

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# नैतिकताको प्रश्नमा कुलमानको ढिलो जवाफ

नेपाली राजनीतिमा नैतिकताको विषय उठ्नासाथ प्रश्न उब्जिन्छ– यो कुन चराको नाम हो ? प्रशासन हाँक्दै मन्त्री बन्न पुगेका कुलमान घिसिङमाथि पनि यो प्रश्न उठ्यो । सुशीला कार्की नेतृत्वको सरकारमा महत्त्वपूर्ण तीन मन्त्रालय सम्हालेका कुलमानलाई राजनीति गर्न मन लाग्यो । आफ्नो जनाधारको आधारमा घिसिङले उज्यालो नेपाल दल गठन गरे ।

मंसिर १७ गते कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा उज्यालो नेपाल नामक दलको घोषणा भयो । त्यही दिनदेखि कुलमानमाथि प्रश्न उठ्यो । गैरदलीय सरकारमा दलीय मन्त्री । तर कुलमान यो प्रश्नबाट उम्कँदै भन्थे– म जुनसुकै पार्टीको कार्यक्रममा अतिथिको रूपमा जान्छु । उज्यालो नेपालको कार्यक्रममा पनि प्रमुख अतिथिको रूपमा पुगेको थिएँ ।

पार्टीको कुनै समितिमा पनि उनको नाम नदेखिएपछि यो प्रकरण सेलायो । झण्डै एक महिनापछि पुस १४ गते कुलमानको दलले राष्ट्रिय स्वतन्त्र पार्टीसँग सम्झौता गर्‍यो । उक्त सम्झौतामा कुलमान रास्वपाको उपसभापति हुने बुँदा प्रस्ट लेखिएको छ । उक्त एकतामा जेन–जी उमेरका खेलकुद मन्त्री बब्लु गुप्ता पनि सहभागी बने । यसपछि दुवै मन्त्रीमाथि प्रश्न उठ्यो– गैरदलीय सरकारमा दलीय मन्त्री । सोही दिन सरकारका प्रवक्तासमेत रहेका सञ्चारमन्त्री जगदीश खरेलले पनि आफू रास्वपामा खुल्नेगरी खुसी जनाएका थिए ।

आफूमाथि निरन्तर प्रश्न उठेपछि कुलमानले मंगलबार भने– म कुनै दलमा सदस्य छैन । तर प्रश्न छल्दै आएका कुलमानले बुधबार बाध्य भएर राजीनामा दिएका छन् । यसमा उनले आफ्नो नैतिकताका कारण राजीनामा दिएको दाबी गरेका छन् । यद्यपि, नैतिकता प्रश्नमा उनी भाग्दै आएका भने थिए । तैपनि अन्ततः जवाफदेही बनेर उनले राजीनामा दिएका छन् । उनको राजीनामाले अरु मन्त्रीहरूलाई भने प्रश्न उठाएको छ– के उनीहरूले नैतिकता देखाउलान् ?

साथै, कुलमानको राजीनामाले प्रधानमन्त्री कार्कीले कुशल सारथी गुमाएकी छन् । जेन–जी विद्रोहको क्रममा भताभुंग बनेका सिंहदरबारदेखि संसद् भवन पुनर्निर्माणका लागि कुलमानलाई तीन मन्त्रालयको जिम्मेवारी दिइएको थियो । काम गर्नमा ख्याती कमाएर कुलमानबाट धेरैले आशा पनि गरेका थिए– अब सरकारबाट राम्रा कामको सुरुआत हुने छ । तर करिब चार महिना सरकारमा बस्दा कुलमानमा यो छनक देखिएन । कुलमानले राजीनामा दिए पनि उनीमाथि डेडिकेटेड र ट्रंकलाइन विद्युत् महसुलको विवादको विषयको प्रश्नको निवारण भएको छैन । यसको जवाफ कार्की नेतृत्वको सरकारले मिलेर देला वा कुलमान स्वयंले दिनुपर्ला त्यो त हेर्न बाँकी नै छ । यद्यपि, ढिलै भए पनि नैतिकता देखाएका कुलमानलाई स्याबास् भन्नैपर्छ ।

## श्रम सरोकार

# वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

### यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरूः

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।
- वर्किङ भिसाबाहेक अन्य भिसामा वैदेशिक रोजगारीमा जानु हुँदैन । गलत कागजात बनाई वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रावधानविपरीत अन्य प्रक्रियाबाट वैदेशिक रोजगारमा जानु गैरकानुनी हुन्छ र यस्तो अवस्थामा कुनै पनि कुराको ग्यारेन्टी हुँदैन र ठगीमा पर्ने सम्भावना हुन्छ ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन ।




# 'शान्तिपूर्ण वातावरणमा निर्वाचन गराउन प्रहरी संगठन तयार छ'

नेपाल प्रहरीले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचन स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन प्रतिबद्ध रहेको स्पष्ट पारेको छ । निर्वाचन सुरक्षालाई लिएर केही राजनीतिक दलबाट विभिन्न प्रश्न उठाइरहेको सन्दर्भमा निर्वाचनको भित्री घेरामा रही सुरक्षा प्रदान गर्ने मुख्य जिम्मेवारीमा रहेको नेपाल प्रहरीले निर्वाचन सुरक्षाका बारेमा विश्वस्त रहन आग्रह गरेको छ । प्रस्तुत छ, निर्वाचन सुरक्षा, फरार अपराधी र लुटिएका हतियार पक्राउ र प्रहरीको मनोबललगायत विषयमा केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक **अविनारायण काफ्ले**सँग राष्ट्रिय समाचार समिति (*रासस*) का प्रमुख समाचारदाता **नारायण न्यौपाने** र समाचारदाता **अशोक घिमिरे**ले गरेको कुराकानीः

**अविनारायण काफ्ले**
प्रहरी नायब महानिरीक्षक तथा प्रवक्ता, नेपाल प्रहरी

**सिंगो मुलुक निर्वाचनमा होमिइसकेको छ, निर्वाचन आउन दुई महिनाभन्दा कम समय बाँकी छ । मुलुकको समग्र सुरक्षा अवस्था कस्तो छ ?**

मुलुकको सुरक्षा व्यवस्था मजबुत छ । भरपर्दो सुरक्षा प्रबन्ध गरिएको छ । प्रहरीको सबै युनिटहरू सशक्त ढंगबाट परिचालित छन् । निर्वाचन लक्षित सुरक्षा गतिविधि सुरु भएका छन् । संघ, प्रदेश तथा जिल्लास्तरसम्म निर्वाचन सेल गठन गरी प्रत्येक निर्वाचन सेलमा 'फेकल पर्सन' तोकी कार्यसम्पादन भइरहेको छ । निर्वाचनको वातावरण बनाउन मातहतका युनिटलाई निर्वाचन लक्षित गस्ती/पेट्रोलिङ, पिकेट, चेकिङलगायत कार्यमा प्रहरी परिचालन गरिएको छ ।

जेन-जी आन्दोलनका क्रममा क्षतिग्रस्त भएका प्रहरी कार्यालयको पुनर्निर्माण एवं सवारीसाधनको व्यवस्थापनको कार्यलाई तीव्रता दिई पूर्णक्षमतामा सञ्चालन गर्ने प्रयास गरिएको छ । सीमाक्षेत्रमा हुने घुसपैठ र आपराधिक क्रियाकलाप नियन्त्रण गर्न नियमित अनुगमन र गस्ती गरिएको छ ।

**फरक परिस्थितिमा हुन गइरहेको निर्वाचनमा विभिन्न पाटोबाट सुरक्षा चुनौती औंल्याइएको छ । यसलाई प्रहरी संगठनले कसरी लिएको छ ?**

निर्वाचनको समय नजिकिँदै गर्दा जेन-जी युवा समूह, पुराना तथा नयाँ राजनीतिक दलबीचको मदभेद र अन्तरद्वन्द्व बढ्न सक्छ । आन्दोलनपछिका राजनीतिक विभाजन र असहमतिका कारण विभिन्न पार्टी वा समूहले निर्वाचनलाई बहिष्कार वा अवरोध गर्नसक्ने सम्भावनाका साथै मतदाता, उम्मेदवार र निर्वाचन कर्मचारीलाई धम्की वा हिंसालाई सुरक्षा चुनौतीका रूपमा हेरिएको छ । निर्वाचन विरोधी समूहबाट हुनसक्ने गतिविधिलगायत जातीय, धार्मिक र साम्प्रदायिक समूहबाट हुनसक्ने अवाञ्छित क्रियाकलाप, सामाजिक सञ्जालबाट प्रवाह हुने गलत सूचनाले पार्ने प्रभावलाई पनि सुरक्षा संगठनले चुनौतीका रूपमा लिएको छ ।

दुर्गम, विकट तथा हिमाली क्षेत्र र प्रतिकूल मौसमबाट सिर्जित हुने अवस्थाले पनि चुनौती थप्न सक्ने अनुमान छ । अहिलेसम्म समग्र रूपमा गम्भीर सुरक्षा चुनौती सामना गर्न परेको छैन । दैनिक सुरक्षा व्यवस्थापनका काम भइरहेको छ । यसका लागि गहृ मन्त्रालय, प्रहरी प्रधान कार्यालय र मातहतका सबै युनिटसम्म सुरक्षा चुनौतीको पहिचान गर्ने र सोबमोजिम खतराको विश्लेषण गरेर योजना बनाउनेसम्मका काम भइरहेको छ । निर्वाचनलक्षित एकीकृत सुरक्षा योजना तयार छ । सोही आधारमा निर्वाचनलक्षित जिल्लास्तरका सुरक्षा योजना बनाई कार्यान्वयन भइरहेको छ ।

**जेन–जी आन्दोलनका क्रममा सुरक्षाकर्मीबाट लुटिएका हतियार र कारागारबाट फरार कैदीका कारण सुरक्षा चुनौती रहेको भनिएको छ । यसलाई प्रहरी संगठनले कसरी हेरेको छ ?**

लुटिएका हतियार फिर्ता ल्याउन र कैदी एवं थुनुवालाई फर्काउन प्रहरी संगठनले सम्पूर्ण प्रहरी जनशक्तिलाई परिचालित गरिसकेको छ । सुरक्षा संगठनबीच एकीकृत र एकलरूपमा सम्पूर्ण संयन्त्रलाई यसै विषयमा केन्द्रित गरिएको छ । फरार अपराधी पक्राउ गर्ने, लुटिएका र हराएका हातहतियार बरामद गर्न नेपाल प्रहरीले विशेष अभियान नै सञ्चालन गरेको छ । दैनिकजसो फरार अपराधी, कैदीबन्दी र थुनुवा पक्राउ परिरहेका छन् । सूचना संकलन र संकेत 'एरिया'मा विशेष खनतलासी गर्ने काम भइरहेको छ । अधिकांश अपराधी र हातहतियार नियन्त्रणमा आइसकेका छन् ।

**जेन–जी आन्दोलनका क्रममा प्रहरीका अधिकांश भौतिक संरचना निशानामा परे । पुनर्निर्माणमा नागरिक तहबाट कस्तो सहयोग रहृयो ?**

आन्दोलनका क्रममा जुन भौतिक क्षति भयो । त्यसपश्चात् पुनर्निर्माणमा नागरिक र प्रहरी संगठनबीच घनिष्ठ सहकार्य रहृयो । पुनर्निर्माणका क्रममा नेपाल प्रहरी संगठनले कमाएको जनविश्वास स्पष्ट देखियो । नागरिकहरू एकजुट भई त्यस्तो गम्भीर परिस्थितिबाट सहजरूपमा भौतिक संरचना पुनर्निर्माण गरिसकेका छौं । आन्दोलनका क्रममा १४३ भवन पूर्ण र ३१६ आंशिक गरी ४५९ युनिटमा क्षति पुगेकामा अहिलेसम्म ४४९ युनिट पुनर्निर्माण भई सञ्चालनमा आइसकेको छ । यसमा नागरिक सहकार्य र सहयोग अतुलनीय छ । सहयोगी मनप्रति प्रहरी संगठन सम्मान प्रकट गर्दछ । नागरिककै लागि प्रहरी अहोरात्र खटिइएको छ । नागरिक सुरक्षाका लागि नेपाल प्रहरीको स्थापना भएको हो । कानुन कार्यान्वयन, अपराध नियन्त्रण र रोकथाम तथा अपराधको सफल अनुसन्धान गर्ने सन्दर्भमा प्रहरी सदा अगाडि छ । यो नै नागरिकको प्रहरीप्रतिको जनविश्वासको आधारस्तम्भ हो ।

**पछिल्लो समय प्रहरीको मनोबल खस्केको भन्ने टिप्पणी भइरहेको छ ? यसलाई संगठनले कसरी लिएको छ ?**

प्रहरीको मनोबल उच्च छ । यो खस्केको कहिल्यै पनि थिएन र हुने पनि छैन । जेन-जी आन्दोलनपश्चात् प्रहरीको मनोबलका विषयमा धेरै टीकाटिप्पणी भए । हामीलाई ठूलो जनविश्वास प्राप्त भएको छ । नागरिकसँगको सहकार्यबाटै क्षतिग्रस्त भवनहरू पुनर्निर्माण गर्न सफल भएका छौं । हाम्रा हरेक गतिविधि र क्रियाकलापमा आमनागरिकको साथ र सहयोग छ । नयाँ संगठन प्रमुख आइसकेपछि आबद्ध प्रहरी कर्मचारीले प्राप्त गर्ने सेवा, सुविधा र सहुलियतमा पनि पहिलो प्राथमिकता राखेर विभिन्न कल्याणकारी योजना अघि सारिएको छ ।

कर्तव्य पालनाका सिलसिलामा वीरगति प्राप्त गरेका प्रहरी कर्मचारीको परिवारलाई क्षतिपूर्ति, आर्थिक सहयोग र आश्रित परिवारलाई रोजगारीको प्रबन्ध गरिएको छ । घाइते प्रहरी कर्मचारीलाई उपचार खर्च, अन्य सेवासुविधालाई पनि उच्च प्राथमिकता दिइएको छ । नेपाल प्रहरीसँग विगतका चुनौतीपूर्ण अवस्थामा पनि निर्वाचनलाई सफल बनाएको अनुभव छ । त्यो अनुभव, सीप, ज्ञान र तालिमलाई यसपटकका निर्वाचनमा पूर्णरूपमा प्रयोग गरेर चुनावलाई भयरहित र शान्तिपूर्ण रूपमा सम्पन्न गराउँछौं । प्राप्त जिम्मेवारी पूरा गर्न अहोरात्र खटिइएको छ ।

**हरेक निर्वाचन छोटो समयका लागि 'निर्वाचन प्रहरी' पनि भर्ना गर्ने गरिएको छ । यसपटक निर्वाचन प्रहरी भर्नाको प्रक्रिया कसरी अघि बढ्दै छ ?**

निर्वाचनमा ७७ हजार प्रहरी परिचालित हुने छन् । नेपाल प्रहरीको विद्यमान जनशक्तिले मात्रै निर्वाचन व्यवस्थापनमा अपुग हुने भएकाले 'निर्वाचन प्रहरी' भर्ना गर्ने गरिएको छ । एक लाख ३३ हजार ९८० निर्वाचन प्रहरी (म्यादी) भर्ना गर्न प्रस्ताव गरिएको छ । निर्वाचन प्रहरी भर्ना छनोट नियुक्ति तथा परिचालनसम्बन्धी एकीकृत कार्यविधि, २०८२ को स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको छ । सोहीबमोजिम भर्ना प्रक्रिया सुरु हुने छ । त्यसलगत्तै तालिम सुरु गरिने छ । तालिम समापनपछि सम्बन्धित निर्वाचन क्षेत्रमा उहाँहरूलाई खटाउँछौं । भर्ना छनोटका आधार तयार भइसकेको छ ।

२०७९ र २०७४ को निर्वाचनमा खटिइएका 'म्यादी प्रहरी'लाई छनोटमा प्राथमिकता दिइने छ । त्यसैगरी पूर्वसुरक्षाकर्मी र पूर्ववन रक्षक, सुरक्षा निकायमा भर्ना हुनका लागि आधारभूत शारीरिक परीक्षा र स्वास्थ्य परीक्षण उत्तीर्ण भएकालाई पनि भर्ना लिइने छ । फौजदारी अभियोग नलागेका, नैतिकवान्, १८ देखि ५४ वर्षसम्मका व्यक्तिलाई भर्ना प्रक्रियामा सहभागी गराउन प्रस्ताव गरिएको छ । निर्वाचन प्रहरीले नेपाल प्रहरीको जस्तै निर्वाचनलाई सफल बनाउन, यससँग सम्बन्धित हरेक गतिविधिमा भित्री घेरामै रहेर काम गर्नुपर्ने छ । तालिमका क्रममा उनीहरूलाई त्यससम्बन्धी आधारभूत काम, कर्तव्यका बारेमा जानकारी दिइने छ ।

**मतदातालाई निर्वाचनको समयमा सुरक्षाको प्रत्याभूति कसरी दिलाउनुहुन्छ ?**

निर्वाचन क्षेत्रलाई अतिसंवेदनशील, संवेदनशील र सामान्यरूपमा वर्गीकरण गरिएको छ । दुई हजार ८४५ वटा मतदानस्थललाई सामान्य, चार हजार ४४२ मतदानस्थललाई संवेदशील र तीन हजार ६८० वटा मतदानस्थललाई अति संवेदनशील मतदानस्थलका रूपमा हेरिएको छ । सोहीअनुसार नियमितरूपमा प्रहरी परिचालन गरी त्यहाँको सुरक्षा व्यवस्था मजबुद बनाउने काम भइसकेको छ ।

भयरहित, निष्पक्ष र शान्तिपूर्ण वातावरणमा निर्वाचन सम्पन्न गराउन प्रहरी संगठन कटिबद्ध छ । सम्पूर्ण मतदाता, आमनागरिक र राजनीतिक दलको सुरक्षाका लागि प्रहरी तयार छ । शान्ति सुरक्षाको विषयलाई लिएर कसैले डर र त्रास मान्नुपर्ने अवस्था छैन । पूर्णरूपमा शान्ति, सुव्यवस्था र अमनचयन काम गराइसकेका छौं । कानुन पालना गराउन नेपाल प्रहरी सदैव दत्तचित्त भएर खटिइएकै छ ।

- भरपर्दो सुरक्षा प्रबन्ध गरिएको छ । निर्वाचन लक्षित सुरक्षा गतिविधि सुरू भएका छन् । संघ, प्रदेश तथा जिल्लास्तरसम्म निर्वाचन सेल गठन गरी प्रत्येक निर्वाचन सेलमा 'फेकल पर्सन' तोकी कार्यसम्पादन भइरहेको छ ।
- निर्वाचनको वातावरण बनाउन मातहतका युनिटलाई निर्वाचन लक्षित गस्ती/पेट्रोलिङ, पिकेट, चेकिङलगायत कार्यमा प्रहरी परिचालन गरिएको छ ।
- आन्दोलनपछिका राजनीतिक विभाजन र असहमतिका कारण विभिन्न पार्टी वा समूहले निर्वाचनलाई बहिष्कार वा अवरोध गर्नसक्ने सम्भावनाका साथै मतदाता, उम्मेदवार र निर्वाचन कर्मचारीलाई धम्की वा हिंसालाई सुरक्षा चुनौतीका रूपमा हेरिएको छ ।
- एक लाख ३३ हजार ९८० निर्वाचन प्रहरी (म्यादी) भर्ना गर्न प्रस्ताव गरिएको छ । छनोट प्रक्रिया छिट्टै सुरू हुन्छ ।
- दुई हजार ८४५ वटा मतदानस्थललाई सामान्य, चार हजार ४४२ मतदानस्थललाई संवेदशील र तीन हजार ६८० वटा मतदानस्थललाई अति संवेदनशील मतदानस्थलका रूपमा हेरिएको छ ।
- भयरहित, निष्पक्ष र शान्तिपूर्ण वातावरणमा निर्वाचन सम्पन्न गराउन प्रहरी संगठन कटिबद्ध छ । सम्पूर्ण मतदाता, आमनागरिक र राजनीतिक दलको सुरक्षाका लागि प्रहरी तयार छ ।

## पाठक मञ्च

# राजनीतिः पहिले सेवा, अहिले कमाउधन्दा !

नेपालमा पटकपटक राजनीतिक परिवर्तन भयो । जुनसुकै व्यवस्था भएता पनि चुनाव हुन्थ्यो । २०४६ सालअघि पनि बारम्बार निर्वाचन भयो । जनताले स्थानीय तहदेखि प्रधानपञ्च र सांसदहरू अहिलेजसरी मतदान गरेर छान्थे । तर, उनीहरू कसैले पनि मासिक तलब बुझ्दैनथे । प्रधानमन्त्री, मन्त्री, सांसद, प्रधानपञ्च, वडाध्यक्ष कसैलाई पनि तलब दिने चलन थिएन ।

बैठक बसेको दिन भत्ता पनि लिन्थे । त्यतिबेला राजनीतिको एउटै अर्थ थियो- सामाजिक सेवा र सार्वजनिक काम । राजनीतिलाई निःस्वार्थ सामाजिक सेवा र सार्वजनिक काम भनिन्थ्यो । त्यतिबेला उम्मेदवार खोज्दै हिंड्नुपर्थ्यो । कोही उम्मेदवार बन्नै चाहँदैनथे । कारण थियो- आफ्नो घरको काममा पर्ने प्रभाव । राजनीतिमा लागेपछि जनताको काममा मात्र खटिनुपर्छ भन्ने मानसिकता थियो ।

एकातिर आम्दानी पनि नहुने, अर्कोतिर पैसा पनि । आफ्नो खेतीबाली, घरपरिवार सबै छोडेर राजनीतिमा लाग्नुपर्ने हुन्थ्यो । देश र जनताका लागि जुनसुकै बेला खटिनुपर्ने बाध्यता थियो । त्यसैले कोही राजनीतिमा आउन चाहँदैनथे । त्यतिबेलाका जनप्रतिनिधिहरूले सरकारी, सार्वजनिक, हदबन्दीभन्दा बढी, गुठीको जग्गा संरक्षण गरेका थिए । सार्वजनिक सम्पत्ति संरक्षणमा उनीहरू सक्रिय भएर लागिपर्थे ।

घुस खाने चलन थिएन । आफूले घुस खायो भने सात पुस्ताले त्यसको असर भोग्नुपर्छ भन्ने मान्यता थियो । जनप्रतिनिधिलाई तलब त हुँदैन नै थियो, गाडी पनि दिइँदैनथ्यो । उनीहरू प्रायः हिँड्थे । हिँडेरै ठाउँठाउँ पुग्थे, जनताको समस्या सुन्थे । कोही आफ्नै खर्चमा सार्वजनिक यातायात चढ्थे । सर्वसाधारणले खाना खाऊ भन्दा पनि उनीहरू मान्दैनथे । त्यसलाई उनीहरू घुस ठान्दथे ।

४३-४४ सालमा सरकारी जागिर खाएका कर्मचारीहरूको मासिक तलब ३०० देखि दुई हजार रूपैयाँसम्म थियो । २०४६ चैत २४ गते पञ्चायती व्यवस्था ढलेर मुलुकमा बहुदलीय व्यवस्था आयो । बहुदलीय व्यवस्थापछि सरकारले जनप्रतिनिधिहरूलाई तलब दिने निर्णय गर्‍यो । प्रधानमन्त्रीदेखि मन्त्री, सांसद नगरप्रमुख, वडाध्यक्ष सबैले तलब पाउने व्यवस्था गरियो ।

२०७२ असोज ३ गते नेपालको संविधान, २०७२ जारी भयो । सो संविधान लागू हुनुअघि नयाँ आर्थिक वर्षको बजेट असार मसान्तभित्र ल्याइसक्नुपर्थ्यो । संविधानपछि जेठ १५ गते बजेट भाषण ल्याइने चलन छ । २०५१ सालमा मनमोहन अधिकारी प्रधानमन्त्री भए । उनले ७० वर्ष नाघेका ज्येष्ठ नागरिक, एकल महिला र अपांगता भएकाहरूलाई मासिक १०० रूपैयाँ भत्ता दिने निर्णय गरे ।

जनताबाट चुनिएर गएका सांसदमात्र मन्त्री बन्ने पाउने व्यवस्था छ । जनताबाट नछानिएकाको हकमा छ महिना मन्त्री खान पाउँछन् । हाल सुशीला कार्की प्रधानमन्त्री छिन् । उनी जननिर्वाचित व्यक्तित्व होइनन् । उनले जनताले तिरेको करबाट मासिक पेन्सन बुझिरहेकी छन् । पूर्वप्रधानन्यायाधीश उनले दोहोरो सुविधा लिइरहेकी छन् । २०७० सालमा चुनाव गराउने कार्यादेशसहित खिलराज रेग्मीको नेतृत्वमा सरकार गठन गरिएको थियो ।

सरकारको पूर्वकर्मचारी उनले प्रधानमन्त्रीको सुविधा पनि बुझे, पेन्सन पनि । सरकारले वर्षैपिच्छे बजेट भाषण ल्याउँछ । २०४६ सालपछि हरेक वर्ष बजेट भाषण ल्याउँदा सरकारी कर्मचारी कर्मचारीको तलब बढाइएको छ । कर्मचारीको तलब बढ्नेबित्तिकै जनप्रतिनिधिको तलब र सुविधा पनि बढ्यो । त्योसँगै राजनीतिक दलहरूले भोटका लागि भत्ता पनि बढाउँदै लगे ।

सांसदहरूले एक लाख तलब रहेकोमा तीन लाखसम्म बुझ्ने गरेका छन् । स्थानीय पालिकाका जनप्रतिनिधिहरूले पनि मासिक लाखौं खान्छन् । अब भनौं- राजनीति सेवा भयो कि जागिर ? तलब एकातिर छ, घुस अर्कातिर । राजनीति कमाउधन्दा बन्दै गयो । पार्टीबाट टिकट लिनलाई यहा हानाथाप चल्छ । सांसदको टिकट लिनलाई पार्टीलाई करोडौं रूपैयाँ बुझाउने गरिन्छ ।

राजनीति कमाउधन्दा बढेपछि जो पनि यहीं क्षेत्रमा आउन चाहेका छन् । सहकारी ठग्ने पनि राजनीति गर्ने, सिंहदरबार जलाउने पनि । राजनीति किराना पसलजस्तै भयो । भन्ने बेला सेवा, गर्ने कमाउधन्दा । अनि यस्ता व्यक्तिले देश बनाउँछन् ? दुईटा मोबाइल बोक्ने, करोडौंको घडी बाँध्ने, लाखौंको लुगा लगाउने, महँगा होटलमा बैठक बस्नेहरूले देश विकासको नारा लगाउन सुहाउँछ ?

– **करुणा राई**, ललितपुर

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । –*संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

पृष्ठ १ बाट क्रमशः

## महाधिवेशन...

यद्यपि, केन्द्रीय समितिले भने नियमित कार्यतालिका आइसकेको उल्लेख गर्दै विशेष महाधिवेशनको औचित्य सकिएको दाबी गर्दै आएको छ। बुधबार कांग्रेस केन्द्रीय कार्यालयको मुख्यसचिव कृष्ण पौडेलको तर्फबाट वक्तव्य जारी गर्दै कुनै व्यक्ति वा पदाधिकारीलाई महाधिवेशन बोलाउने अधिकार नभएको जनाएको छ। 'पार्टीको विधानमा व्यवस्था भए बमोजिम कुनै पनि तहको अधिवेशन वा विशेष महाधिवेशन बोलाउने अधिकार व्यक्तिगतरूपमा पार्टीका कुनै पनि पदाधिकारी वा सदस्यलाई नभई केवल पार्टीको केन्द्रीय कार्यसमितिलाई मात्र रहेको छ,' विज्ञप्तिमा भनिएको छ।

यस्तो अवस्थामा विशेष महाधिवशेनमा सहभागी नहुन नेता कार्याकर्तालाई अपिल गरिएको छ। 'तसर्थ, पदाधिकारी वा सदस्यहरूले व्यक्तिगतरूपमा बोलाइएको अधिवेशन वा विशेष महाधिवेशनका नाममा गरिने कुनै पनि गतिविधि पार्टीको विधानविपरीत हुने हुँदा त्यस्ता गतिविधिमा संलग्न नहुन पार्टीका सबै तहका पदाधिकारी एवं सदस्यहरू, महासमिति सदस्यहरू, महाधिवेशन प्रतिनिधिहरू, भ्रातृ एवं शुभेच्छुक संस्था तथा विदेशस्थित नेपाली जनसम्पर्क समितिका पदाधिकारी एवं सदस्यहरूलाई नेपाली कांग्रेस हार्दिक अपिल गर्दछ,' कांग्रेसले भनेको छ।

गगन-विश्वले भने कानुनीरूपमा बाध्यकारी रहेको विशेष महाधिवेशनमा सहभागी हुन आह्वान गरेका छन्। 'पुस २८ भित्र विशेष महाधिवेशन गर्नका लागि हस्ताक्षरकर्ता महाधिवेशन प्रतिनिधिकोतर्फबाट भएको प्रयास महाधिवेशन प्रतिनिधिको वैधानिक अधिकार हो। पुस २७ र २८ का लागि तय भएको विशेष महाधिवेशन कानुनी र राजनीतिक रूपमासमेत अपरिहार्य र बाध्यकारी बनेको छ,' महामन्त्रीद्वयले विज्ञप्तिमार्फत भनेका छन्। यसैगरी दुई महामन्त्रीले विशेष महाधिवेशनलाई व्यवस्थित बनाउनसमेत आग्रह गरेका छन्। 'नेपाली कांग्रेसको विधानको धारा १७(२) अनुसार मिति २०८२ पुस २७ र २८ गते काठमाडौंको भृकुटीमण्डपमा हुन गइरहेको विशेष महाधिवेशनमा सहभागी भई व्यवस्थित र भव्यरूपमा सम्पन्न गर्न सम्पूर्ण महाधिवेशन प्रतिनिधिहरूलाई हार्दिक आह्वान गर्दछौं,' विज्ञप्तिमा भनिएको छ।

### गगनले भने- बरू विष पिउँछु, पार्टी फुट्न दिन्न

विशेष महाधिवेशन हुने भएसँगै कांग्रेस वृत्तमा र बाहिर पार्टी फुट्ने चर्चा सुरु भएको छ। यद्यपि, कांग्रेस महामन्त्री थापाले जुनसुकै अवस्थामा पार्टी एकता कायम राख्ने बताएका छन्। कांग्रेस नेता डा. चन्द्र भण्डारी र डा. सुनील शर्मासँगको संवादको क्रममा महामन्त्री थापाले विष पिएर भए पनि पार्टीको एकता जोगाउन लागिपर्ने बताएका हुन्। 'तपाईंहरूलाई साक्षी राखेर देशभरका कार्यकर्ता र शुभचिन्तकलाई आश्वस्त बनाउन चाहन्छु, पार्टी फुट्दैन। कसैले चाहेर पनि पार्टी फुट्दैन,' थापाले भनेका छन्, 'साँच्चिकै अप्ठेरो अवस्था आयो भने त बरु विष पिउँछु नि म। बरु आफूले विष पिएर भए पनि यसको एकता जोगाइराख्ने छु।'

बुधबार नै थापाले बुद्धिजीवीहरूसँग छलफल गरेका थिए। उक्त छलफलमा थापाले पार्टीमा प्रश्न मर्न नदिन विशेष महाधिवेशन गर्न लागेको बताए। काठमाडौंको नक्सालस्थित एक होटलमा भएको छलफलमा थापाले भने, 'कांग्रेसमा प्रश्न मर्न दिनु हुँदैन भनेर पनि विशेष महाधिवेशन गर्न लागेका हौं। पद गौण हो।' यसअघि राष्ट्रिय सभाको उम्मेदवार छनोटमासमेत गगनले असन्तुष्टि जनाएका थिए। अर्का महामन्त्री शर्मा भने बिरामी भन्दै कार्यसम्पदान समिति बैठकमासमेत उपस्थित भएनन्। दुई महामन्त्रीको उपस्थितिमा विशेष महाधिवेशनको आह्वान गर्ने कार्यतालिका भए पनि शर्मा बिरामी भएपछि महाविधेशन प्रतिनिधिहरूमार्फत महाधिवेशन आह्वान गरिएको बताइएको छ।

### १८ उपसमिति गठन, कसलाई के जिम्मेवारी ?

कांग्रेस विशेष महाधिवेशन पक्षधरले महाधिवेशन व्यवस्थापनका लागि १८ उपसमितिमा नेताहरूलाई संयोजनको जिम्मेवारी दिइएको छ। जसमा पूर्वजिल्ला सभापति पूर्वकेन्द्रीय समिति समन्वयको संयोजक मधु आचार्य, जनपरिचालन जुलुस व्यवस्थापन समितिको संयोजकको जिम्मेवारी जगदिशनरसिंह केसीलाई दिइएको छ। यसैगरी व्यवस्थापन समितिको संयोजकमा मनोजमणि आचार्य, प्रदेश सांसद समन्वयको संयोजकमा श्रीराम लामिछाने, पूर्वसांसद समन्वयको संयोजकमा कुशुम थापा मगरलाई जिम्मेवारी तोकेको छ। यसैगरी मञ्च व्यवस्थापनको संयोजकमा गोविन्द पुडासैनी, स्वयंसेवक परिचालन समितिको संयोजकमा मनिष कोइराला, यातायात व्यवस्थापन संयोजकमा योगेन्द्रमान कर्माचार्य, आवास तथा खाना व्यवस्थापन संयोजकमा रमेश धमला, सूचना तथा प्रचारप्रसार समितिमा सुवास पोखरेल, जिल्ला सम्पर्क समिति संयोजकमा विमल संग्रौलाले जिम्मेवारी पाएका छन्।

भ्रातृ तथा शुभेच्छुक संस्था समन्वय जनसम्पर्क समिति समन्वयको संयोजक केन्द्रीय सदस्य प्रतिमा गौतम, जनसम्पर्क समिति समन्वय समितिको संयोजकमा डिल्लीराम सुवेदी, स्थानीय तह समन्वयको संयोजकमा वंशलाल तामाङ, स्वास्थ्य शिवर समन्वयको संयोजकमा डा. अमिता प्रधान, सांस्कृतिक कार्यक्रम तयारीका संयोजकमा विपिन किरणलाई जिम्मेवारी दिइएको छ। यसैगरी जेन-जी युवा परिचालन समितिको संयोजकमा सचिन तिमिल्सिना र जिल्ला क्षेत्र फोकल पर्सन समन्वय समितिको संयोजकको जिम्मेवारी युवराज पाण्डेयलाई तोकिएको विशेष पक्षधरले जानकारी दिएको छ।

## चिसो बढ्दा विद्यालयमा पठनपाठन स्थगित

**सुदूरपश्चिम (प्रस)**– लगातारको शीतलहरका कारण चिसो बढेपछि कैलालीको गौरीगंगा नगरपालिका कार्यालयले एक हप्ताका लागि नगर क्षेत्रका विद्यालयमा बिदा दिएको छ।

नगरपालिका कार्यालयले जारी गरेको सूचनामा केही दिनदेखि अत्यधिक चिसो भई बालबालिकाको स्वास्थ्यमा प्रतिकूल असर पर्नुका साथै विद्यालयको दैनिक पठनपाठन पनि प्रभावित भएकाले आज पुस २४ देखि आगामी माघ २ गतेसम्मका लागि बिदा दिइएको उल्लेख छ।

बाक्लो हुस्सु र कुहिरोसँगै दिनहुँ चल्ने गरेको शीतलहरका कारण बढेको कठ्यांग्रिने चिसोले कैलालीसहितका जिल्लाको जनजीवन कष्टकर बनेको छ। जाडोको सामना गरिरहेका अधिकांश सर्वसाधारणलाई आगो ताप्ने व्यवस्थाका लागि धनगढी उपमहानगरपालिका र गौरीगंगा नगरपालिकासहितका पालिका तहहरूले केही दिनअघि दाउरा उपलब्ध गराएको थियो।

शीतलहरका कारण धनगढीको अधिकतम तापक्रम र न्यूनतम तापक्रम घट्दै गएको छ। पहाडी क्षेत्रमा पारिलो घाम लाग्दा यतिबेला तराईका जिल्लालाई भने कुहिरो र हुस्सुले ढाकेको छ।

## रसुवामा ३६ मतस्थल ५७ मतदान केन्द्र कायम

**रसुवा (प्रस)**– आगामी फागुन २१ गते सम्पन्न हुने प्रतिनिधिसभा सदस्यका लागि मतदानस्थल तथा मतदान केन्द्र निर्धारण कायम गरिएको छ।

जिल्ला निर्वाचन कार्यालयले मतदातालाई सहज र सरल बनाउन जिल्ला सुरक्षा समिति, स्थानीय मतदाता, बुद्धिजीवीसमेतको सुझावमा ती काम पूरा गरेको हो। जिल्ला निर्वाचन अधिकारी राजन रायका अनुसार २१ हजार १४१ महिलासहित ४१ हजार ४७१ मतदाताले आफ्नो मताधिकार प्रयोग गर्ने छन्। यसका लागि मतदानका लागि छनोट गरिएका ३६ मतदानस्थल ५७ मतदान केन्द्र कायम रहने छन्।

यहाँका पाँच गाउँपालिकामध्ये उत्तरगया गाउँपालिकामा ११, कालिकामा १२, नौकुण्डमा १५, गोसाइँकुण्डमा १० मतदान केन्द्र रहने छन्। यसअघिको निर्वाचनमा ४० हजार ५०० मतदाताका लागि ५२ केन्द्र कायम गरिएको थियो भने हालको निर्वाचनमा अद्यावधिक गरिएको मतदाता नामावलीमा नाम थपिएका कारण मतदान केन्द्र क्रमशः वृद्धि गर्दै लगिएको बताइएको छ।


**गौरीशंकर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सुरी, दोलखा**

**शिलबन्दी दरभाउपत्र/बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति २०८२/०९/२४**

विभिन्न मितिमा सार्वजनिक खरिद अनुगमन कार्यालयको धभदकष्तभ मा प्रकाशित सूचनामा उल्लेखित अन्तिम म्याद भित्र पर्न आएका बोलपत्र तथा शिलबन्दी दरभाउपत्रहरु मध्ये मूल्यांकन गर्दा न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही बोलपत्र तथा शिलबन्दी दरभाउपत्र भएकोले सार्बजनिक खरिद ऐन, २६३ को दफा २७ (२) को प्रयोजनार्थ बोलपत्र तथा शिलबन्दी दरभाउपत्र स्वीकृतिको लागि छनौट गरिएको आशयको सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कवोल अकं (मु.अ.कर र PS सहित) |
|---|---|---|---|
| 06/GRM/NCB/Works/ R/2082-83 | जगतफेदि टासिनाम सिमिगाउँ बेदिङ्ग सडक, वडा नं. ९, गौरीशंकर,दोलखा। | Blue Diamond- BBNS JV, Charikot, Dolakha. | १,८०,००,०००।१५ |
| 08/GRM/SQ/Goods/ 2082-83 | कृषि तथा पशुमा प्रयोग हुने औजार/उपकरण सामाग्री खरिद सम्बन्धी | मुक्तिनाथ ट्रेडिङ्ग लि, काठमाडौं | १७,३८,०८५।०० |

**प्रमुख प्रशासकीय अधिकृत**



**सुदूरपश्चिम प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**
**शिक्षा विकास निर्देशनालय**
**सामाजिक विकास कार्यालय**
**मार्तडी, बाजुरा**

**बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८२/०९/२३ गते**

यस सामाजिक विकास कार्यालय मार्तडी बाजुरावाट मिति २०८२/०८/१२ गते राष्ट्रिय दैनिक पत्रिका तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको ई-बिडिङ पोर्टल (www.bolpatra.gov.np) मा प्रकाशित निम्न निर्माण कार्यहरूको विद्युतिय बोलपत्र (E-bidding) प्रणाली मार्फत आब्हान गरिएको सार्वजनिक सुचना बमोजिम रीतपूर्वक दर्ता हुन आएका बोलपत्रदाताहरूको मूल्यांकन गर्दा यस कार्यालयको मूल्यांकन समितिको सिफारिस अनुसार तपसिलमा उल्लेखित बोलपत्रहरु न्युनतम मूल्यांकित सारभुत रूपमा प्रभावग्राही देखिएकोले स्वीकृतिका लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा (२७) को उपदफा (२) र (३) बमोजिम र सोही ऐनको दफा (४७) को प्रयोजनार्थ बोलपत्र स्विकृतीका लागि छनोट गर्ने आशयको ७ दिने सूचना सम्बन्धित सबै बोलपत्रदाहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | स्वीकृत रकम (मु.अ.कर र पी. एस सहित) |
|---|---|---|---|---|
| 1 | SDO/Bajura/Works/ NCB/01/082-083 | Devasthali Aa. Bi Two Room School Building Construction at. Gaumul R.M 06,Bajura | Aayush Construction & Order Suppliers Badimalika Mun. 02, Bajura | १२,९३,७६७.६२ (अक्षरेपी बाह्र लाख त्रियानब्बे हजार सात सय सतसठ्ठी रूपैंया बयासठ्ठी पैंसा) |
| 2 | SDO/Bajura/Works/ NCB/02/082-083 | Bhawani Aa. Bi Two Room School Building Construction at. Jagnnath R.M 01,Bajura | D.N.S Construction And Order Suppliers Budhinanda 09,Bajura | ११,३४,४६१.९१ (अक्षरेपी एघार लाख छौंत्तीस हजार चार सय एकसठ्ठी रूपैंया एकानब्बे पैंसा) |
| 3 | SDO/Bajura/Works/ NCB/03/082-083 | Kulamasta Jana Aa. Bi Two Room School Building Construction at. Himali R.M 05,Bajura | Kalika Construction & Order Suppliers Badimalika Mun.08, Marthadi,Bajura | ८,९१,६१४.२९ (अक्षरेपी आठ लाख एकानब्बे हजार छ सय चौध रूपैंया उन्तिस पैंसा) |
| 4 | SDO/Bajura/Works/ NCB/04/082-083 | Janashakti Aa. Bi Two Room School Building Construction at. Triveni Mun 04,Bajura | M.B construction & Order Suppliers, Bajura | ११,९८,४३५.५२ (अक्षरेपी एघार लाख अन्ठानब्बे हजार चार सय पैतीस रूपैंया बाउन्न पैंसा) |
| 5 | SDO/Bajura/Works/ NCB/05/082-083 | Satyasingh Aa. Bi Two Room School Building Construction at.Swamikartik R.M 01, Joru ,Bajura | Kuladevi Nirman Sewa Swamikartik Khaper R.M 01,Bajura | ८,७७,२०९.०५ (अक्षरेपी आठ लाख सतहत्तर हजार दुई सय नौ रूपैंया पाच पैंसा) |
| 6 | SDO/Bajura/Works/ NCB/06/082-083 | Badimalika Campus Hostel Building Construction Works at Budhiganga 06, Bajura | Saugat Nirman Sewa /saugat Janaral Stor & Order Sup- pliers,Badimalika Mun. 08, Bajura | २६,६५,०३१.१५ (अक्षरेपी छब्बिस लाख पैसठ्ठी हजार एकतिस रूपैंया पन्द्र पैंसा) |
| 7 | SDO/Bajura/Works/ NCB/07/082-083 | Khapardebasthali Ma.Bi four Room School Building Construction at.Khaptadchhededaha R.M 04,,Bajura | Shreekrishna Engineering Con- struction Pvt. Ltd. Budhiganga Mun 04, Bajura | २२,८७,५०८.९८ (अक्षरेपी बाइस लाख सतासी हजार पाच सय आठ रूपैंया अन्ठानब्बे पैंसा) |
| 8 | SDO/Bajura/Works/ NCB/08/082-083 | Pashupati Ma.Bi. four Room School Building Construction at. Budhiganga Mun.03 Tapra,Bajura | Khapardev Construction & suppliers Pvt. Ltd. Badimalika Municipality 03, Bajura | २९,८६,३९८.०४(अक्षरेपी उन्तिस लाख छयासी हजार तिन सय उन्चालिस रूपैंया चार पैंसा) |
| 9 | SDO/Bajura/Works/ NCB/09/082-083 | Janaprakash Ma.Bi. four Room School Building Construction at. Budhinanda Mun.02 Kolti,Bajura | Bindrashain Nirman Sewa and Supplier Jukot-03,Nepalgun- j,Banke | २८,७०,३२६.०६ (अक्षरेपी अठ्ठाइस लाख सत्तरी हजार तिन सय छब्बीस रूपैंया छ पैंसा) |

**कार्यालय प्रमुख**



**दरखास्त आव्हान सम्बन्धी सूचना**

हेमोफिलियाको स्तरीय उपचार पद्धति निर्माणका लागि विज्ञ प्राविधिक परामर्शकर्ता (Consultant Hematologist) आवश्यक परेकाले तपसील योग्यता पुगेका इच्छुक विज्ञहरूबाट यो सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र आवश्यक कागजातहरूसहित दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल :**

| विज्ञापन न. | पद | संख्या |
|---|---|---|
| ०२-२०८२-०८३ | स्तरीय उपचार पद्धती निर्माण प्राविधिक परामर्शदाता | १ |

**आवश्यक योग्यता**

- DM HEMATOLOGY, MD HEMATOLOGY, FELLOWSHIP HEMATOLOGY, FELLOWSHIP IN HEMATO-ONCOLOGY मध्ये कुनै गरेको तथा हेमोफिलिया र रक्तश्राव सम्बन्धी रोगहरूको उपचार गरेको कतिमा ५ वर्षको अनुभव भएको।
- स्वास्थ्य क्षेत्र अन्तर्गत नेपाल सरकारको ऐन, नियम तथा नीतिहरूको बारेमा ज्ञान भएको र उपचार पद्धति, कार्यविधि आदि निर्माण गरेको अनुभव भएको।

**संलग्न कागजात**

- व्यक्तिगत विवरण, पासपोर्ट साइजको फोटो २ प्रति, नागरिकताको फोटोकपी, शैक्षिक प्रमाण पत्रको प्रतिलिपि, अनुभव सम्बन्धी कागजात आदि।

**पारिश्रमिक तथा सेवा सुविधा**

- संस्थासंगको करार सम्झौता अनुसार

**हिमोफिलिया सोसाइटी नेपाल**
**अनामनगर, काठमाडौं**
**सम्पर्क:** 9842661754, Email: nepalhemo@gmail.com



**कतारमा रोजगार** कम्पनी : FAAS TRADING AND CONTRACTING CO.W.L.L.

पूर्व स्वीकृति मिति : २०८२/०९/२३ LT. No. 336741 चलानी नं.६०२५६२८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | INSULATION WORKER | 47 | 0 | 1100 | ४३,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ १ गते (15th Jan. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Career International Services [P.] Ltd.**
License No. : 646/063/064
धुम्वाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३, Email : info@career-intl.com, Website : www.career-intl.com



**कुवेतमा रोजगार** कम्पनी : AL SHORFA RESTAURANT & CAFE COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०५/३० पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/२३ LT. No. 306560 चलानी नं. ६०२२१३०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Asst Cook(Commi-3) Line-cook | 2 | 0 | 130 | ६१,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Baker/pastry Cook/sweet Maker | 5 | 0 | 140 | ६५,७७० | | | | | | | |
| 3. | Barista Coffee Maker | 5 | 4 | 140 | ६५,७७० | | | | | | | |
| 4. | Restaurants Worker | 0 | 2 | 100 | ४६,९८० | | | | | | | |
| 5. | Waiter/waitress/food Server | 5 | 5 | 120 | ५६,३७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ १ गते (15th Jan. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**DECENT EMPLOYMENT PVT. LTD.**
LIC. 904/067/068
Samakhushi, Townplanning, Kathmandu, Nepal, Ph. No: +977-014973104
E-mail : cv.decentemployment@gmail.com, decentemploymentnepal@gmail.com, Website : www.decentemployment.com.np

# प्रभाव दैनिक

बिहीबार, २४ पुस २०८२ (Thursday, 08 January 2026)


रूपशाला

## 'गलबन्दी नाइट'मा समिक्षाको प्रस्तुति रहने

अष्ट्रेलियामा 'गलबन्दी नाइट'सांगीतिक कार्यक्रम हुने भएको छ । यही जनवरी २३ तारिखबाट उक्त कार्यक्रमको आयोजना हुन लागेको हो । उक्त कार्यक्रममा पछिल्लो समयकी चर्चित गायिका समिक्षा अधिकारी,आमेश भण्डारी र गायक/संगीतकार सुवास खत्रीको विशेष प्रस्तुति रहनेछ । त्यसका लागि समिक्षा अधिकारी,सुवास खत्री लगायतको टिम अष्ट्रेलिया जाने तयारीमा छन् । यो कार्यक्रम स्टडी वाइज एजुकेसन कन्सल्टेन्सीको प्रस्तुतिमा नेभा बिजनेस सर्भिसेस प्रा.लि र पाल्पा इन्टरटेनमेन्टले आयोजना गर्न लागेको हो ।





# सपना पूरा गर्न राजधानीको यात्रामा विजय

■ प्रभाव संवाददाता

**काठमाडौं–** धादिङको गल्छी गाउँपालिका-८, गोगनपानीमा हुर्किएका विजय थापा सानैदेखि गीतसँग गहिरो रूपमा जोडिएका थिए । पहाडको काखमा बितेको बाल्यकालमा रेडियोबाट बज्ने धुनले उनको मन छोयो । त्यही धुनले उनको सोच, रुचि र सपनालाई आकार दिँदै लग्यो ।

खेलकुदभन्दा गीतप्रतिको आकर्षण उनमा सधैं बलियो रह्यो । बाटो हिँड्दा, साथीभाइसँग बस्दा वा एक्लै हुँदा पनि उनी गुनगुनाइरहन्थे । विद्यालयमा उनी पढाइभन्दा बढी स्वरका कारण चिनिन्थे । कक्षाकोठामा गुनगुनाएको त्यो सानो स्वरले शिक्षक-शिक्षिकाको ध्यान तान्यो र त्यही हौसलाले कलाकार बन्ने सपना अझ गहिरो बनायो ।

सपना बोकेर विजय काठमाडौं आए । साथमा ठूलो साधन थिएन, थियो त केवल विश्वास र गीतप्रतिको अटुट प्रेम । राजधानीको भीडमा आफ्नो स्वर चिनाउन उनले संघर्ष गर्नुपर्‍यो । कहिलेकाहीँ निराशा आयो, कहिलेकाहीँ थकान पनि। तर गीतले उनलाई कहिल्यै छोडेन। झलकमान गन्धर्व, राम थापा, रामकृष्ण ढकाल र शिव परियारका गीत सुन्दै हुर्किएका विजय भन्छन्, 'ती स्वरहरूले मलाई कहिल्यै हार मान्न दिएनन् ।'

२०७० सालमा उनले 'माई ड्रीम' नामक पहिलो एल्बम बजारमा ल्याउँदै नेपाली संगीत क्षेत्रमा औपचारिक रूपमा आफ्नो परिचय बनाए। उक्त एल्बममा 'देखे तिमीलाई सपनीमा...', 'यो मायाले...', 'आई लभ यू...' र 'सुर्तीमा मोहनी...' गरी चार गीत समेटिएका थिए। एल्बम सार्वजनिक भएपछि प्राप्त आत्मसन्तुष्टिले उनलाई थप अघि बढ्ने प्रेरणा दियो ।

२०७३ सालमा विजयले दोस्रो एल्बम 'माई ड्रीम-२' ल्याए । यस एल्बममा 'ओ नारन दाँते है ओखर...', 'देखे तिमीलाई सपनीमा-२...', 'पूर्वै शहर...' र 'आमा...' जस्ता चार गीत समावेश छन् । पहिलो एल्बमको 'देखे तिमीलाई सपनीमा...' र दोस्रो एल्बमको 'ओ नारन दाँते है ओखर...' गीतले दर्शक तथा श्रोताको मन विशेष रूपमा जित्न सफल भए ।

हालसम्म विजय थापाले दुई दर्जनभन्दा बढी गीत गाइसकेका छन्। उनका धेरै लोकप्रिय गीतहरू चर्चित संगीतकार कल्याणसिंहसँगको सहकार्यमा तयार भएका छन्। हाल उनी शंकर भुजेलको शब्दमा तयार गरिएको नयाँ गीत 'आँशु बिक्ने सहर भए खुशी किन्थे होला...' लिएर दर्शक-श्रोतामाझ आउने तयारीमा छन् ।

धादिङको सानो गाउँबाट सुरु भएको विजय थापाको यात्रा अझै अधुरो छ । तर उनको स्वरमा आज पनि त्यही बाल्यकालको सपना जिउँदो छ– गीत गाएर बाँच्ने, गीतमै हराउने ।

# 'किन लाग्छ माया'को 'धौले संसार' गीत रिलिज

■ प्रभाव संवाददाता



**काठमाडौं–** फिल्म 'किन लाग्छ माया'को पहिलो गीत सार्वजनिक गरिएको छ । पोष्टरपछि यसको निर्माणपक्षले गीत रिलिज गरेको हो ।

कुबेर तामाङको निर्देशनमा तयार भएको यो फिल्मको प्रदर्शन मिति सन् २०२६ लाई तोकिएको छ । सार्वजनिक 'धौले धन्सार' बोलको गीतलाई लोक शैलीमा तयार पारिएको छ ।

पुष्कर सुनुवार, शान्तीश्री परियार र गोपाल ढकाल 'छन्दे'को यो गीतमा स्वर छ । डाक्टर अशाबहादुर तामाङको शब्द रहेको यो गीतमा पुष्कर सुनुवारको संगीत छ । गीतको भिडियोलाई रामजी लामिछानेले कोरियोग्राफी गरेका हुन् । अडियो सुमधुर छ ।

सार्वजनिक गीतको भिडियोमा फिल्मका मुख्य कलाकारहरू सञ्जित भण्डारी, जाहान्वी बस्नेत, ऋचा थापा, मिस पबी, हिउवाला गौतमको साथमा नव-नायक स्याडो रियल, उत्तम केसी र सेजल सुवेदीको नृत्य हेर्न सकिन्छ । गीतको भिडियोलाई कोरियोग्राफरले आकर्षक बनाएका छन् ।

फिल्ममा राजेन्द्र खड्गी, रवि डंगोल, गोपाल ढकाल, सम्रान्त थापा, बेग पहारी, निरोज खुलाल, रामकाजी घिमिरे, सुभाष गजुरेल, रविन्द्र खड्का, सुनिल कटुवाल, विनोद ढकाल, अनु खत्री, सविन बास्तोला, गीता अधिकारी लगायतका कलाकारहरूको अभिनय छ ।

सञ्जित भण्डारी र मोनु खड्काको लगानी रहेको फिल्मलाई आरआर फिल्मस्ले वितरण गर्नेछ । राजेन्द्र खड्गीको एक्सन निर्देशन रहेको फिल्ममा रामशरण उप्रेती र रामकुमार केसीको डीओपी, बनिष शाह र नविन चौधरीको सम्पादन, रामकाजी घिमिरेको पटकथा र संवाद, स्याडो रियलको कथा र शब्द छ ।

यो फिल्मले दाजुभाइको कथा भन्छ । फिल्मले दर्शकको मन जित्नेमा निर्माणपक्ष ढुक्क देखिएको छ ।

रंगशाला

### एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्ड

# एरिका र दीपेन्द्र सर्वोत्कृष्ट, सुनारी लोकप्रिय







■ प्रभाव संवाददाता

**काठमाडौं–** क्रिकेटका दीपेन्द्र सिंह ऐरी र कराँतेकी एरिका गुरुङले एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्ड २०८१ वर्ष खेलाडीको उपाधि जितेका छन् ।

पोखरामा बुधबार भएको भव्य कार्यक्रममा पुरुषतर्फ क्रिकेटका दीपेन्द्र र महिला विधामा कराँतेकी गुरुङ वर्ष खेलाडी घोषित भएका हुन् ।

भलिबलका हिमाल सुनारीले पिपल्स च्वाईस अवार्ड हात पार्दै लोकप्रिय विधाको उपाधि चुम्दा २०२० सालदेखि खेल जीवनमा योगदान गरेका खड्ग रानाभाटलाई लाइफटाईम एचिभमेन्ट अवार्डबाट पुरस्कृत गरिएको छ ।

पलेशा गोवर्धनको प्रशिक्षक रहँदै आएका कविराज नेगी वर्ष प्रशिक्षक घोषित हुदाँ विश्व पारा एथलेटिक्स ग्रान्ड प्रिक्समा रजत पदक जितेकी प्रभा आङदेम्बेले पारा एथ्लेट अवार्ड हात पारिन् ।

तेक्वान्दोमा ९ डान पाउने तुलसी गुरुङलाई एनएसजेएफ स्पेशल अवार्ड प्रदान गरिएको कार्यक्रममा बंगलादेशी खेलकुद पत्रकार मोहम्मद हसन उल्लाह खानले एसियन स्पोर्ट्स जर्नलिस्टको अवार्ड हात पारे । नेपाललाई यू-१९ महिला विश्वकपमा छनोट गराउन महत्वपुर्ण भूमिका खेलेकी क्रिकेटकी पुजा महतोले युवा वर्ष खेलाडीको अवार्ड जितिन् ।

राष्ट्रिय खो-खो टिम यस वर्षको टिम अफ द इयर घोषित भयो । भारतको नयाँ दिल्लीमा भएको पहिलो खो-खो विश्वकपमा रजत जित्न सफल पुरुष र महिलाको टिमलाई टिम अफ द इयरबाट पुरस्कृत गरिएको छ ।

नेपाल खेलकुद पत्रकार मञ्चले हरेक वर्ष आयोजना गर्दै आएको स्पोर्ट्स अवार्ड पहिलो पटक काठमाडौं बाहिर पोखरामा आयोजना गरिएको हो ।

### नवौं शेरबहादुर खड्का स्मृति राष्ट्रिय महिला भलिबल

# न्यू डायमण्ड र पुलिस क्लब विजयी

■ प्रभाव संवाददाता



**काठमाडौं–** न्यु डायमन्ड युथ स्पोर्ट्स क्लब र नेपाल प्रहरीको भलिबल क्लबले नवौं शेरबहादुर खड्का स्मृति राष्ट्रिय महिला भलिबल प्रतियोगितामा विजयी सुरुआत गरेका छन् ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्ड हलमा बुधबार न्यु डायमन्डले विभागीय टोली त्रिभुवन आर्मी क्लबलाई ३-० को सोझो सेटमा पराजित गरेको हो । जितसँगै न्यु डायमन्डले ३ अंक जोडेको छ । भर्खरै नवौं एनभीए महिला तथा पुरुष च्याम्पियनसिप जितेको न्यु डायमन्डलाई आर्मीले कुनै पनि सेटमा चुनौती दिन सकेन । न्यु डायमन्डले खेल २५-१६, २५-१५ र २५-१७ ले आफ्नो बनायो ।

त्यस्तै दोस्रो खेलमा साविक विजेता नेपाल पुलिस क्लबले विभागीय डर्बीमा एपीएफ क्लबलाई हराउँदै सुखद सुरुआत गरेको छ ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्ड हलमा बुधबार पुलिसले ३-० को सोझो सेटमा जित हात पारेको हो । जितसँगै पुलिसले ३ अंक जोडेको छ ।

भर्खरै नवौं एनभीए महिला तथा पुरुष च्याम्पियनसिपमा उपविजेता भएको पुलिसले खेल २५-२२, २५-२० र २५-२१ ले आफ्नो बनायो ।

## साम्बा करिब एक वर्ष मैदानबाहिर रहने

**काठमाडौं (प्रस)–** नेपाली महिला राष्ट्रिय टोलीका स्टार फरवार्ड सावित्रा भण्डारी 'साम्बा' लामो समय मैदानबाहिर रहने भएकी छन् ।

एमआरआई परीक्षणमा उनको दायाँ घुँडाको एन्टेरियर क्रुसिएट लिगामेन्ट (एसीएल) ग्राफ्ट च्यातिएको पुष्टि भएको हो । यस चोटका कारण उनी ९ देखि १२ महिनासम्म प्रतिस्पर्धात्मक फुटबलबाट टाढा रहने अस्ट्रेलियन क्लब वेलिङ्टन फिनिक्सले जनाएको छ ।

यो चोटका कारण उनले निन्जा 'ए' लिगअन्तर्गत राउन्ड ११ को ब्रिसबेन रोअरविरुद्धको खेलको दोस्रो हाफको अन्त्यतिर मैदान छाडेकी थिइन् । एअर बलमा खोस्ने क्रममा रोअरकी गोलकिपर क्लोई लिंकनले साम्बाको दायाँ खुट्टामाथि टेकेकी थिइन् । सोही क्रममा उनी घाइते भएकी हुन् । यो साम्बाको तेस्रो एसीएल चोटमध्ये दोस्रो 'कन्ट्याक्ट' चोट हो ।


## साउदीमा रोजगार

कम्पनी : MIRZA FAISAL AL NEMER CONTRACTING CO.

पूर्व स्वीकृति मिति : २०८२/०९/२३ | LT. No. 336710 | चलानी नं. ६०२५०२७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load unload Worker | 24 | 0 | 1000 | ३८,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ १ गते (15th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १५७१/०७९/०८०

SPACE HR SOLUTIONS PVT.LTD

Basundhara, Kathmandu; Tel: 01-5925496, Whatsapp No.: 9841607558

E-mail: info@spacehrsolution.com, Web: www.spacehrsolution.com

## कुवेतमा रोजगार

कम्पनी : Robusta Coffee Bar Restaurant Co.

पूर्व स्वीकृति मिति : २०८०/०९/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/२३ | LT. No. 317096 | चलानी नं. ६०२३१४८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | INDOOR CLEANER | 5 | 5 | 90 | ४०,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | waiter/waitress | 7 | 14 | 120 | ५३,८९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ १ गते (15th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. 1543/078/079

Index Recruitment Pvt. Ltd.

Chabahil - 7, Kathmandu, Nepal,Tel No. +977-01-5911443 Mo.NO. 9813850986, 9814269669

E-mail : info@indexrecruitment.com.np ,www. www.indexrecruitment.com.np

## कुवेतमा रोजगार

कम्पनी : Global Gifts General Trading and Contracting Company

पूर्व स्वीकृति मिति : २०८२/०९/२३ | LT. No. 336730 | चलानी नं. ६०२५०२९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiters | 6 | 0 | 150 | ७०,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Chef Assistant. | 6 | 0 | 150 | ७०,४६५ | | | | | | | |
| 3 | Cashier | 6 | 0 | 150 | ७०,४६५ | | | | | | | |
| 4 | Barista | 6 | 0 | 150 | ७०,४६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ १ गते (15th Jan. 2026) मा हुनेछ ।

